# प्रारम्भिक कक्षामा अध्ययनरत दृष्टिसम्बन्धी अपाङ्गता भएका विद्यार्थी केन्द्रित शिक्षकहरूको

## १० दिने क्षमता विकास तालिम

# सहजीकरण मार्गदर्शन

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

**प्रकाशक :**

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
## शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर


**सर्वाधिकार :** प्रकाशकमा

**संस्करण :** वि.सं. २०७८

**प्राविधिक सहयोग:** USAID अमेरिकी जनताबाट, handicap international, WORLD EDUCATION, NDFN 1995

**लेआउट डिजाइन :**

**मुद्रण :**

**सल्लाह तथा सुझाव**
चूडामणि पौडेल
डिल्लीराम लुइँटेल

---

यो स्रोत सामग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताको सहयोगका कारण सम्भव भएको हो। यस स्रोत सामग्री भित्रका विषयवस्तु र सामग्री ह्याण्डीक्याप ईन्टरनेशनल र विश्व शिक्षाका साझा जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन।

# भूमिका

विद्यालय शिक्षा क्षेत्रमा विद्यमान शिक्षा नीति तथा कार्यक्रमहरू शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने, शिक्षालाई रोजगारी उन्मुख बनाउने, गुणस्तरमा सुधार एवं व्यवस्थापकीय क्षमतामा अभिवृद्धि गरी आर्थिक, सामाजिक विकासका लक्ष्यहरू हासिल गर्नेतर्फ लक्षित छन् । नेपालको संविधानले शिक्षालाई मौलिक अधिकारको रूपमा स्थापित गरेको छ । नेपालले सबैका लागि गुणस्तरीय आधारभूत शिक्षाको सुनिश्चितता गर्न राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरमा प्रतिबद्धता जनाएको छ। सन् २०२२ सम्ममा नेपाललाई मध्यम आयस्तरको मुलुकमा स्तरोन्नति गर्ने तथा सन् २०३० सम्म दिगो विकासका लक्ष्य हासिल गर्न सघाउ पुग्ने गरी शैक्षिक कार्यक्रम तथा नीतिहरू तय भएका छन् । यही पृष्ठभूमिमा विद्यालय शिक्षाको समग्र शैक्षिक विकासका लागि सरकारले सन् २०२२ देखि २०३० सम्मका लागि ९ वर्षे विद्यालय क्षेत्र विकास योजना कार्यान्वयनमा ल्याएको छ। विद्यालय शिक्षाको विकासका लागि समता, गुणस्तर, सक्षमता र सान्दर्भिकता विकासको सुनिश्चिताको लागि नियिमित वार्षिक रूपमा कार्यक्रम कार्यन्वयन पुस्तिका निर्माण भई सञ्चालनमा ल्याइन्छ ।

यसै क्रममा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले युएसएआइडिको सहयोग, ह्यान्डिक्याप इन्टरनेसनल, विश्व शिक्षा र स्थानीय साझेदार संस्थाहरूको (DPOs) सहकार्य तथा समन्वयमा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लागू भएका जिल्लामध्ये १० ओटा जिल्लामा सबैका लागि पढाइ परियोजना लागू गरेको छ। सबैका लागि पढाइ कार्यक्रमले प्रारम्भिक कक्षामा अध्ययनरत अपाङ्गता भएका बालबालिकाको पठन सिपको विकास गर्ने लक्ष राखेको छ । अपाङ्गता तथा कार्यगत सीमितता भएका बालबालिकाहरू को फरक-फरक समस्या र आवश्यकता हुन्छन्। तसर्थ अपाङ्गता तथा कार्यगत सीमितता भएका बालबालिकाहरूको शैक्षणिक समस्या सम्बोधन गर्नका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सबैका लागि पढाइ परियोजनासँगको सहकार्यमा दृष्टिसम्बन्धी अपाङ्गता भएका बालबालिकाहरूको शैक्षणिक आवश्यकताअनुरूपका व्यवस्थापन, शिक्षण विधी, प्रक्रिया, क्रियाकलाप तथा शिक्षण सिकाइ सामग्रीहरूको प्रयोगमा समेत मद्दत गर्नका लागि यस तालिम सहजीकरण मार्गदर्शनको निर्माण गरिएको हो। यस तालिम सहजीकरण मार्गदर्शनले दृष्टिसम्बन्धी अपाङ्गता भएका वालवालिकाहरूका स्रोत कक्षा तथा विशेष विद्यालयका शिक्षकहरूको क्षमता अभिवृद्धि गर्न मद्दत गर्ने अपेक्षा गरिएको छ। साथै यस सामग्रीले दृष्टिसम्बन्धी अपाङ्गता केन्द्रित समावेशी शिक्षासम्बन्धी तालिम, अभिमुखीकरण सञ्चालन तथा नियमित प्राविधिक सहयोग गर्नमा समेत सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। यस सामग्रीमा रहेका विषयहरूलाई सहजीकरण गर्दा अभ्यास, नमुना प्रदर्शन, अन्तरक्रिया, अनुभव आदानप्रदान, छलफल जस्ता पक्षमा जोड दिनुपर्ने हुन्छ।

यस सहजीकरण मार्गदर्शन लेखन कार्य श्री होमनाथ अर्यालबाट भएको हो । यस सहजीकरण मार्गदर्शनलाई पूर्णता प्रदान गर्न मार्ग निर्देशन प्रदान गर्नुहुने शिक्षा, तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक श्री बैकुण्ठ प्रसाद अर्याल, उप महा निर्देशक श्री केशव प्रसाद दाहालप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । साथै, सामग्री विकासमा अमूल्य सुझाव र सल्लाह दिनुहुने समाहित शिक्षा शाखाका निर्देशक डा. दिब्या दवाडी, शाखा अधिकृत श्री नारद प्रसाद धमला, पाठ्यक्रम विकास केन्द्रका निर्देशक श्री अनिल मिश्र, तालिम शाखाका निर्देशक श्री गीरमान थापा र शैक्षिक गुणस्तर परिक्षण केन्द्रका निर्देशक श्री उत्तरकुमार पराजुलिलाइ मुरीमुरी धन्यबाद ।

यो तालिम सहजीकरण मार्गदर्शन सबैका लागि पढाइ परियोजनाअन्तर्गत वि.सं. २०७८ सालमा तयार गरिएको हो। तालिम सहजीकरण मार्गदर्शन तयार गर्नमा आवश्यक सल्लाह, सुझाव तथा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरू तथा परियोजना प्राविधिक समिति, सहयोगी संस्था नेपाल दृष्टिविहीन कल्याण सङ्घ, विश्व शिक्षा तथा ह्यान्डिक्याप इन्टरनेशनल र सबैका लागि पढाइ कार्यक्रमप्रति आभार व्यक्त गर्दै रचनात्मक सुझाव र सल्लाहका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**सानोठिमी भक्तपुर**

# विषयसूची


तालिमको उद्देश्यः ........ १

तालिम सुरुआत गर्नुपूर्व ध्यान दिनुपर्ने पक्षहरू ........ १

विषयवस्तु सत्र सङ्ख्या र समयभार ........ २

१. समावेशी शिक्षाको अवधारण, विकास एवम् अपाङ्गताको परिचय र प्रकार ........ ४

२. ब्रेलको परिचय र पूर्वब्रेल क्रियाकलाप ........ ५

३. देवनागरी ब्रेललिपिका स्वर र व्यञ्जनवर्ण ........ ७

४. देवनागरी ब्रेललिपिमा आधा अक्षर ........ ९

५. ब्रेललिपिमा देवनागरी शब्द लेखाइ (प्रयोगात्मक) ........ ११

६. देवनागरी लिपिमा विराम चिह्न, विभक्ति, संयोजक ........ १३

७. ब्रेललिपिमा पढाइ र लेखाइ सिप ........ १५

८.अङ्ग्रेजीमा अक्षरहरू स्वर र व्यञ्जन (सानो र ठूलो) ........ १७

९. अङ्ग्रेजी ब्रेललिपिमा शब्द र वाक्यको पढाइ र लेखाइ ........ १९

१०.अङ्ग्रेजी ब्रेलमा विराम र अन्य चिह्नहरू ........ २१

११ . एकीकृत अङ्ग्रेजी ब्रेल ........ २३

१२ . शैक्षिक सामग्री र त्यसको प्रयोग ........ २५

१३ . निमेथ ब्रेलकोड परिचय, ब्रेल अङ्क, अङ्क सूचक, विराम चिह्नहरू, गणितीय सूचकहरू ........ २७

१४ . ब्रेलमा क्रम सूचक, रोमन अङ्क र जोड ........ २९

१५ . ब्रेलमा घटाउ, गुणन, भाग र साधारण भिन्न ........ ३१

१६ . न्यून दृष्टि एवम् दृष्टिविहीन व्यक्तिहरूका लागि विभिन्न प्रविधिहरू ........ ३४

१७ . घडीको धारणा ........ ३७

१८ . अभिमुखीकरणको ज्ञान एवम् हिंडुल ........ ४०

१९ . अपाङ्गतामैत्री र बालमैत्री वातावरण ........ ४१

२०. अतिरिक्त क्रियाकलाप ........ ४२

२१. सूक्ष्म शिक्षण ........ ४४

## तालिमको उद्देश्यः

- समावेशी शिक्षाको अवधारण, विकास एवम् अपाङ्गताको परिचय र प्रकारबारे बताउन;
- ब्रेलको परिचय र पूर्वब्रेल क्रियाकलापबारे व्याख्या गर्न;
- देवनागरी ब्रेललिपिका स्वर र व्यञ्जनवर्ण चिन्न;
- देवनागरी ब्रेललिपिमा आधा अक्षर चिन्न;
- ब्रेललिपिमा देवनागरी शब्द लेखाइ (प्रयोगात्मक) अभ्यास गर्दै प्रदर्शन गर्न;
- देवनागरी लिपिमा विराम चिह्न, विभक्ति, संयोजक चिन्न;
- ब्रेललिपिमा पढाइ र लेखाइ सिपबारे बताउन;
- अङ्ग्रेजीमा अक्षरहरू स्वर र व्यञ्जन (सानो र ठूलो) चिन्न;
- अङ्ग्रेजी ब्रेललिपिमा शब्द र वाक्यको पढाइ र लेखाइबारे बताउन:
- अङ्ग्रेजी ब्रेलमा विराम र अन्य चिह्नहरू चिन्न;
- एकीकृत अङ्ग्रेजी ब्रेलबारे बताउन;
- शैक्षिक सामग्री र त्यसका प्रयोगबारे बताउन;
- निमेथ ब्रेलकोड परिचय, ब्रेल अङ्क, अङ्क सूचक, विराम चिह्नहरू, गणितीय सूचकहरू चिन्न;
- ब्रेलमा क्रमसूचक, रोमन अङ्क र जोड गरेर देखाउन;
- ब्रेलमा घटाउ, गुणन, भाग र साधारण भिन्न गरेर देखाउन;
- न्यून दृष्टि एवम् दृष्टिविहीन व्यक्तिहरूको लागि विभिन्न प्रविधिहरूबारे बताउन;
- घडीको धारणाबारे बताउन;
- अभिमुखीकरणको ज्ञान एवम हिँडुलबारे बताउन;
- अपाङ्गतामैत्री र बालमैत्री वातावरणबारे बताउन;
- अतिरिक्त क्रियाकलाप गरेर देखाउन;
- सूक्ष्म शिक्षण प्रदर्शन गरी देखाउन ।

## तालिम सुरुआत गर्नुपूर्व ध्यान दिनुपर्ने पक्षहरू

- आवश्यक सामग्रीहरू तयारी अवस्थामा रहेको कुरा सुनिश्चित गर्ने
- आमन्त्रण गरिएअनुरूपका सहभागीहरू वा सरोकारवालाहरूको उपस्थिति सुनिश्चित गर्ने
- सहभागीहरूको नाम दर्ता तथा रोचक परिचयात्मक क्रियाकलाप गरी तालिमको लागि वातावरण सहज बनाउने
- परिचयको क्रियाकलाप समावेशी शिक्षा वा अपाङ्गताको बारेमा जानकारी लिने वा दिने प्रकारका खेल विधिबाट गर्न गराउन सकिने
- आयोजकका तर्फबाट सहभागीहरूलाई स्वागत तथा तालिम वा अभिमुखीकरणका मुख्य उद्देश्यको बारेमा जानकारी गराउने
- सहभागितात्मक रूपमा आवश्यकताअनुरूप तालिम नियम निर्माण तथा विविध कार्य समूह जस्तो प्रतिवेदन, मनोरञ्जन, व्यवस्थापन समूह आदि बनाई जिम्मेवारी बाँडफाँड गर्ने
- तालिम वा अभिमुखीकरणका विषयवस्तुहरूमा छलफल गर्नुअगाडि सबैका लागि पढाइ परियोजनाकोबारेमा जानकारी गराउने
- सहभागीहरूको सिकाइ अपेक्षा वा विचार सङ्कलन गरी यस तालिममा छलफल गरिने र गर्न सकिने विषयवस्तु बारे जानकारी दिने

- तालिमको सुरुमा प्रिटेस्ट र अन्तमा पोस्टटेस्ट गर्ने (प्रश्नावली तयारी अवस्थामा राख्ने)
- अन्य आवश्यक विषय वा थप गर्नुपर्ने क्षेत्र देखिएमा सोहीअनुरूप तालिकामा समावेश गर्न सकिन्छ वा छलफलका लागि खुला राख्ने वा आगामी दिनमा यस बारेमा छलफल गर्न सुझावका रूपमा लिने
- तालिम वा अभिमुखीकरणको संक्षिप्त समीक्षासहित अन्तमा आयोजकका तर्फबाट समापनको क्रियाकलाप गर्न लगाउने वा गराउने

## विषयवस्तु सत्र सङ्ख्या र समयभार

| दिन | तालिम विषयवस्तु | सत्र | समय | कैफियत |
|---|---|---|---|---|
| १ | **समावेशी शिक्षा (Inclusive Education and Disability)**<br>• नेपालमा समावेशी शिक्षाको अवधारण र विकास<br>• विशेष शिक्षाको विकासमा योगदान पुऱ्याउने निकाय र व्यक्तित्वहरू<br>• अपाङ्गताको परिचय र प्रकार | १ सत्र | ९० मिनेट | |
| २ | **ब्रेलको परिचय र पूर्वब्रेल क्रियाकलाप (Braill and pre Braille Activities)**<br>• ब्रेलको परिचय र पूर्वब्रेल क्रियाकलाप<br>• देवनागरी ब्रेललिपिका स्वर र व्यञ्जनवर्ण<br>• देवनागरी ब्रेललिपिमा आधा अक्षर | ३ सत्र | २७० मिनेट | |
| ३ | **देवनागरी ब्रेल लेखाइ (Writing of Devnagari Braille )**<br>• देवनागरी ब्रेलमा शब्द लेखाइ (प्रयोगात्मक)<br>• देवनागर लिपिमा विराम चिह्न, विभक्ति र संयोजक<br>• ब्रेललिपिमा लेखाइ र पढाइको सीप स् वाक्यहरू पढाइ र लेखाइ (प्रयोगात्मक) | ४ सत्र | ३६० मिनेट | |
| ४ | **अङ्ग्रेजीमा अक्षर, शब्द र वाक्यहरू (English Letters, Words and Sentences )**<br>• अङ्ग्रेजीमा अक्षरहरूM स्वर र व्यञ्जनहरू (सानो र ठूलो अक्षरहरू)<br>• अङ्ग्रेजी ब्रेललिपिमा शब्द र वाक्य लेखाइ र पढाइ (प्रयोगात्मक)<br>• अङ्ग्रेजीमा बिराम र अन्य चिह्नहरू | ४ सत्र | ३६० मिनेट | |
| ५ | **एकीकृत अग्रेजी ब्रेल (Unified English Braille )**<br>• अङ्ग्रेजी एकीकृत ब्रेलको आवश्यकता र महत्त्व<br>• एकल अक्षरका सङ्कुचन, पूर्ण शब्दको सङ्कुचन र अर्ध शब्दका सङ्कुचन<br>• पूर्ण शब्दका तल्लो खण्डका सङ्कुचन, आधा शब्दका तल्लो खण्डका सङ्कुचन र सुरु अक्षरका सङ्कुचन<br>• अन्त्य अक्षरका सङ्कुचन र शब्दको छोटो रूप सङ्कुचन | ४ सत्र | ३६० मिनेट | |
| ६ | **शैक्षिक सामग्रीहरू (Educational Materials )**<br>• शैक्षिक सामागी्रहरूको निर्माण तथा प्रयोग | ४ सत्र | ३६० मिनेट | |

| | | | | |
|---|---|---|---|---|
| ७ | **निमेथ ब्रेलकोड (Nemeth Braille Code )**<br>• निमेथ ब्रेल कोड परिचय, ब्रेल अङ्क, अङ्क सूचक, विराम चिह्नहरू, गणितीय सूचकहरू<br>• क्रम सूचक सङ्ख्या, रोमन अकहरू<br>• जोड – (ठाडो र तेर्सो जोडहरू ) | ४ सत्र | ३६० मिनेट | |
| ८ | **निमेथ ब्रेलकोड (Nemeth Braille Code )**<br>• घटाउ (ठाडो र तेर्सो घटाउ), गुणन (ठाडो र तेर्सो गुणन)<br>• भाग (ठाडो र तेर्सो भाग )<br>• साधारण भिन्न | ४ सत्र | ३६० मिनेट | |
| ९ | **न्यून दृष्टि (Low Vision )**<br>• न्यून दृष्टि परिचय, न्यून दृष्टियुक्त बालबालिकाको लागि उपकरणहरूको जानकारी र प्रयोग विधि<br>• न्यून दृष्टिबालबालिकाको लागि कक्षाकोठा ब्यवस्थापन<br>• दृष्टि दोषी भएका बालबालिकाको को लागि विभिन्न खालका शैक्षणिक प्रविधिहरू.<br>• घडीको धारणा | ४ सत्र | ३६० मिनेट | |
| १० | **अभिमुखीकरण, हिँडडुल, दिनचर्या र मैत्री वातावरण (O &M, DLS, Friendly Environment )**<br>• अभिमुखीकरणको ज्ञान एवम् हिँडडुल<br>• दिनचर्या<br>• बाल मैत्री र अपाङ्ग मैत्री वातावरण | ४ सत्र | ३६० मिनेट | |
| 1१ | **अतिरिक्त क्रियाकलाप (Extra Curricular Activities )**<br>• मनोरञ्जनात्मक र शारीरिक क्रियाकलाप<br>• स्किपिङ, घैटोफोर , मुसो र बिरालो<br>• रसी तानातान, तातो आलु, जोड र बिजोड, ताली पड्काइ, नाटक खेल्ने , नृत्य, सङ्गीत गायन, नक्कल गरी बोल्नु<br>• म्यूजिक र चेस<br>• हाई जम्प, लङ जम्प, हाजिरी जवाफ, दौड र बलका विभिन्न खेल<br>• सूक्ष्म शिक्षण | ४ सत्र | ३६० मिनेट | |
| | **जम्मा समय** | **४० सत्र** | **६० घण्टा** | |

# १. समावेशी शिक्षाको अवधारण, विकास एवम् अपाङ्गताको परिचय र प्रकार

**दिन : पहिलो** **सत्र : पहिलो** **समय : ९० मिन**

## परिचय

दृष्टिविहीन व्यक्तिहरूलाई पनि शिक्षा उपलब्ध गराई आत्मसम्मानका साथ जीवन यापन गर्ने अवसर उपलब्ध गराउने उद्देश्यले दृष्टिविहीन बालबालिकाहरूको शिक्षाको कार्यक्रम बि.सं. २०२१ सालबाट लेबोरेटरी मा. वि. कीर्तिपुर, काठमाडौंमा सुरु भएको हो । यसरी दृष्टिविहीन बालबालिकाहरूको शिक्षाको विकासको क्रममा विभिन्न चरणमा विभिन्न व्यक्तित्वहरूबाट भएको योगदान सम्बन्धमा छलफल तथा अन्तर्क्रिया गरिने छ ।

उद्देश्य

**यस सत्रको अन्त्यमा सहभागीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् ।**

- नेपालमा समावेशी शिक्षाको अवधारणा र विकासमा परिचित हुन;
- विशेष शिक्षाको विकासमा योगदान पुऱ्याउने निकाय र व्यक्तित्वहरू बारे बताउन;
- अपाङ्गताको परिचय र प्रकार पहिल्याउन ।

**बिषयवस्तु**

- नेपालमा समावेशी शिक्षाको अवधारण र विकास;
- विशेष शिक्षाको विकासमा योगदान पुऱ्याउने निकाय र व्यक्तित्वहरू;
- अपाङ्गताको परिचय र प्रकार .

**सामग्री**

- बोर्ड, मार्कर, न्यूजप्रिन्ट, पाठपत्र, मेटाकार्ड

**सहजीकरण क्रियाकलाप**

| क्र.सं. | क्रियाकलाप | समय |
|---|---|---|
| १ | अन्तर्क्रियात्मक छलफलबाट विषयवस्तुको परिचय, उद्देश्य र औचित्यबारे जानकारी गराउने । | १० मिनेट |
| २ | **समावेशी शिक्षाको अवधारण र विकास तथा अपाङ्गता**<br><br>• सहजकर्ताले तयार गरेको प्रस्तुतिअनुरूप सहभागीहरूसँगको अन्तर्क्रियात्मक छलफल गर्दै समावेशी शिक्षाको अवधारण र विकास तथा अपाङ्गताबारे जानकारी गराउने ।<br>• जनकारीपश्चात सहभागीहरूलाई समावेशी शिक्षा केन्द्रित पाठपत्र वितरण गरेर अध्ययन तथा छलफलसमेत गर्न लगाउने ।<br>• सहजकर्ताले आवश्यकता अनूरूप सहजीकरण गर्दै विषयमा प्रष्ट हुन मद्दत गर्ने । | ३० मिनेट |
| ३ | **विशेष शिक्षाको विकासमा योगदान पुऱ्याउने निकाय र व्यक्तित्वहरू**<br>• सहभागीहरूलाई आवश्यकता अनुरूप समूहमा विभाजन गर्ने ।<br>• प्रत्येक समूहमा विशेष शिक्षाको विकासमा योगदान पुऱ्याउने निकाय र व्यक्तित्वहरूबारे पाठपत्रमा उल्लेख गरिएका विषयवस्तु अध्ययनका लागि वितरण गर्ने ।<br>• उक्त पाठपत्र अनुरूप छलफल गर्न र मुख्य कुराहरू टिपोट गर्न लगाउने र हरेक समूहबाट टिपोट गरिएका बुँदहरू प्रस्तुति गर्न लगाउने ।<br>• अपाङ्गताको परिचय र प्रकार बारे कुनै एक जना सहभागीलाई मेटाकार्डमा लेख्न लगाई प्रस्तुत गर्न लगाउने । | ४० मिनेट |

| | | |
|---|---|---|
| | • साथै सहजकर्तालि आवश्यकताअनुरूप सहजीकरण गर्ने । | |
| ४. | **प्रतिबिम्बन**<br><br>**तलका नमुना प्रश्नहरू प्रश्नोत्तर गर्दै सत्रको समीक्षा गर्नेः**<br>१. नेपालमा दृष्टिविहीनहरूको विशेष शिक्षाको कार्यक्रम औपचारिक रूपमा कति सालमा सुरु भएको हो रु (वि.संस २०२१)<br>४. कुमार नामका व्यक्तिलाई सन १९६१ मा कहाँ र किन पठाइयो ? (दृष्टिविहीनहरूको शिक्षा अध्ययन गर्न पर्किन्स स्कूल फर द ब्लाईन्ड, बोस्टन, अमेरिका पठाइको थियो।)<br>५. Mr. Lloyd A Stevens नेपालमा आई के काम गरे? (कीर्तिपुर स्थित कलेज अफ एजुकेशनका विद्यार्थीहरूलाई सन १९६५ मा नेपाली र अङ्ग्रेजी ब्रेल सिकाएका थिए ।)<br>६. पूर्वाञ्चल ज्ञान चक्षु विद्यालय धरान कति सालमा सुरु भएको हो ? (सन १९७८ मा)<br>७. अमर सिंह मा.वि. पोखरा र पञ्चोदय मा.वि.धनगढीमा दृष्टिविहीनहरूको विशेष शिक्षाको कार्यक्रम कति सालमा सुरु भएको हो ? (सन १९८१ मा)<br>८. English Braille Contraction Guide Book कसले कसले प्रकाशन गरेको हो? (NAWB)<br>९. Braille Hand Book र UEB Hand Book कसले प्रकाशन गरेको हो? (NAWB)<br>१०. दृष्टि अपाङ्गता भएका बालबालिकाका लागि शिक्षा शिक्षक स्वाध्यायन सामग्री कहिले प्रकाशन भएको हो ? (वि.सं. २०७२)<br>११.देवनागरी ब्रेल कोडलाई शिक्षा मन्त्रालयबाट कहिले कहिले स्वीकृति प्राप्त भयो ? (वि.सं. २०६३ पौष १६)<br>१२. अपाङ्गतालाई कति प्रकारमा वर्गीकरण गरिएको छ ? (१० प्रकार) | १० मिनेट |

# २. ब्रेलको परिचय र पूर्वब्रेल क्रियाकलाप

**दिन : पहिलो** **सत्र : दोस्रो** **समय : ९० मिनेट**

## परिचय

दृष्टिविहीन व्यक्तिहरूले लेखपढ गर्ने लिपिलाई ब्रेललिपि भनिन्छ । यो लिपिमा ६ वटा डट हुन्छन् । वायाँपट्टिबाट माथिदेखि तल १,२,३, दायाँतर्फ माथिबाट तल ४,५,६ भनिन्छ । यी ६ डटको समूहलाई एक सेल भनिन्छ । यिनैब्रेल डटका विभिन्न आकारबाट अक्षर अङ्क सबै बनाई दृष्टिविहीन व्यक्तिहरू लेखपढ गर्छन् । ब्रेल पढ्ने काम छापाका अक्षर सिक्न पढ्न गर्ने प्रक्रिया जस्तै गरी सिक्न पर्ने हुन्छ । हातका औँलाका टुप्पाले कागतमा उठेका ब्रेल डट छुट्याएर पढ्न पर्ने हुनाले औँलाको टुप्पाको छामेर छुट्याउन सक्ने क्षमता विकास गर्नुपर्छ । यसको लागि ठूला साना सामान छुवाएर ती के सामान हुन् भन्ने बारेमा जानकारी दिँदै ती सामग्रीहरू छुट्याउन सक्ने क्षमता अभिवृद्धि गराउनु आवश्यक हुन्छ । तसर्थ यस सत्रमा ब्रेल लिपिका आधारभूत संरचना तथा अवधारण र महत्त्वमा रहेर छलफल गरिनेछ ।

| | | |
|---|---|---|
| १ | | ४ |
| २ | = | ५ |
| ३ | | ६ |

### उद्देश्य

**यस सत्रको अन्त्यमा सहभागीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् ।**

- ब्रेललिपिको संरचना, अवधारणा तथा महत्त्वबारे बताउन;
- ब्रेल सिक्नुपूर्वको क्रियाकलाप तथा आकार प्रकारमा परिचित हुन ।

विषयवस्तु

- ब्रेललिपिको संरचना, अवधारणा तथा महत्त्व;
- ब्रेल सिक्नुपूर्वको क्रियाकलाप तथा आकार प्रकारहरू ।

सामग्री

- बोर्ड, मार्कर, सेतोपाटी, न्युजप्रिन्ट पेपर, मेटाकार्ड

**सहजीकरण क्रियाकलाप**

| क्र.सं. | क्रियाकलाप | समय |
|---|---|---|
| १. | अन्तर्क्रियात्मक छलफलबाट विषयवस्तु, उद्देश्य र औचित्यबारे जानकारी गराउने । | १० मिनेट |
| २. | **ब्रेललिपिको संरचना, अवधारणा तथा महत्त्व र पूर्वब्रेलका क्रियाकलाप**<br>• सहजकर्ताले ब्रेलकत्त संरचना तथा अवधारणा महत्त्वबारे जानकारी गराउने ।<br>• जानकारीपश्चात् सहभागीहरूलाई जोडीमा बस्न लगाउने ।<br>• प्रत्येक जोडीलाई उपलब्ध सामग्री वा पाठपत्र वितरण गर्ने ।<br>• जोडीमा उक्त सामग्री तथा पाठपत्र अनुरूप ब्रेलको संरचना बारे अध्ययन तथा स्पर्श गर्दै छलफल गराउने ।<br>• साथै प्रत्येक जोडीलाई ब्रेलको संरचानाबारे उहाँहरूको छलफलका कुराहरू सुनाउन लगाउने ।<br>• सहजकर्ताले आवश्यकता अनुरूप सहजीकरणमा सहयोग गर्ने । | ३० मिनेट |

| | | |
|---|---|---|
| ३. | **पूर्वब्रेल क्रियाकलाप**<br>• सहभागीहरूलाई हाल कक्षाकोठा पूर्वब्रेलका के कस्ता क्रियाकलापहरू र कसरी गराइरहनुभएको छ भनेर सुनाउन लगाउने ।<br>• उहाँहरूको अनुभवसँगसँगै सहजकर्ताले पूर्वब्रेलका क्रियाकलापहरूका उदाहरणहरू प्रस्तुति गर्दै तथा पूर्वसिकाइका लागि उपलब्ध सामग्रीहरूको प्रयोग तथा क्रियाकलापहरू केही नमुना क्रियाकलाप गराउँदै जानकारी गराउने ।<br>• साथै आवश्यकता अनुरूप सहजर्ताले सहजीकरण गर्ने ।<br>**नमुना क्रियाकलापहरू**<br>• ससाना तथा मसिना सामग्रीहरू समाउन, उठाउन, स्पर्श गर्न लगाउने<br>• विभिन्न आकारप्रकारका वस्तुहरू स्पर्श गर्न तथा वर्णन गर्न लगाउने<br>• ठोस वस्तुहरू स्पर्श गर्न, गन्ध सुँघ्न लगाउने आदि | ४० मिनेट |
| ४. | **प्रतिबिम्बन**<br>तलका नमुना प्रश्नहरूमा प्रश्नोत्तर गर्दै सत्रको समीक्षा गर्ने ।<br>• ब्रेललिपिको एक समूहमा कतिवटा डट हुन्छन् ? (६ ओटा)<br>• पूर्वब्रेल क्रियाकलापहरू के के हुँदा रहेछन् ?<br>• पूर्वब्रेलका लागि के कस्ता सामग्रीहरू प्रयोग गर्न सकिँदोरहेछन् ? | १० मिनेट |

# ३. देवनागरी ब्रेल लिपिका स्वर र व्यञ्जन वर्ण

**दिन : पहिलो** **सत्र : तेस्रो** **समय : ९० मिनेट**

## परिचयः

देवनागरी लिपिमा पनि ब्रेलको विकास भएको छ । यही देवनागरी ब्रेलको आधारमा दृष्टिविहीन व्यक्तिहरूले पाठ्यसामग्रीहरू पढ्न र लेख्ने गर्छन् । ब्रेलमा स्वर र व्यञ्जन दुवैमा लेख्न र पढ्न सकिन्छ । तसर्थ यस सत्रमा देवनागरी ब्रेललिपिका स्वर र व्यञ्जन वर्णबारे छलफल गरिनेछ ।

### उद्देश्यः

**यस सत्रको अन्त्यमा सहभागीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् ।**

- ब्रेललिपिमा स्वरलाई पढ्न र लेख्न;
- ब्रेललिपिमा व्यञ्जन वर्णलाई पढ्न र लेख्न;
- ब्रेललिपिका समूह छुट्याएर लेख्न ।

### विषयवस्तुः

- देवनागरी स्वर ब्रेलको अवधारणा;
- देवनागरी व्यञ्जन ब्रेलको अवधारणा;
- ब्रेललिपिका समूह छुट्याउने ।

### सामग्री

- मेटाकार्ड, मार्कर न्यूजप्रिन्ट, स्लेट, स्टाइलस, ब्रेल अक्षरपत्ती, शब्द पत्ती

### सहजीकरण क्रियाकलाप

| क्र.सं. | क्रियाकलाप | समय |
|---|---|---|
| १. | अन्तक्रियात्मक छलफलबाट विषयवस्तु, उद्देश्य र औचित्यबारे जानकारी गराउने । | १० मिनेट |
| २. | **देवनागरी ब्रेलः स्वर र व्यञ्जन**<br>• सहभागीहरूलाई दुई समूहमा विभक्त गरी स्वर र व्यञ्जनका ब्रेलडटलाई छलफल गराउने ।<br>• स्वर अक्षर र व्यञ्जन अक्षरहरू कागजमा एक एक वटा देवनगरीमा लेखी पट्याउने र एकजना सहभागीले २ वटा तान्ने । पट्याएर राखेको कागज खोल्ने र जुन जुन अक्षर पर्छ त्यसलाई ब्रेलमा लेख्न लगाउने । यो प्रक्रिया गर्दै जाने ।<br>• ब्रेल डट लेखिएको पाना सबै सहभागीलाई प्रदान गर्ने र अध्ययन गर्न लगाई छलफल गर्ने ।<br>• छलफलपश्चात् दुवै समूहलाई केही वर्णहरू सिकाउनका लागि १० । १० मिनेटको नमुना शिक्षण योजना बनाउन लगाउने ।<br>• उक्त योजनाअनुरूप प्रत्येक समूहबाट २ जना सहभागीहरूलाई १० । १० मिनेटको नमुना शिक्षण गर्न लगाउने । | ७० मिनेट |

| | | |
|---|---|---|
| | • नमुना शिक्षण गर्दा केही सहभागीहरूलाई विद्यार्थीको भूमिका र केहीलाई अवलोकन बारे भूमिका दिने ।<br>• नमुना शिक्षणपश्चात् राम्रा पक्षहरू र सुधार गर्न सकिने पक्षहरूबारे छलफल गर्ने र आवश्यकताअनुरूप सहजकर्ताले सहजीकरण गर्ने । | |
| ३. | **समीक्षा र मूल्याङ्कन**<br>• तलको नमुना प्रश्नहरू गर्दै सत्रको समीक्षा गर्ने ।<br>• देवनागरी ब्रेलको स्वरको ३ वटा ब्रेल डट भन्नुहोस् ।<br>• अ र उ को ब्रेलडट के हो ?<br>• व्यञ्जन वर्गको कुनै ३ वटा अक्षरको ब्रेलडट भन्नुहोस् ।<br>• व्यञ्जन वर्णको शु र षु को ब्रेलडट मेटाकार्डमा लेख्नुहोस्।<br>• स्वर वर्गका सबै अक्षरका ब्रेलडट न्यूजप्रिन्टमा लेखेर आफ्नो सिटको पछाडि भित्तामा टाँस्नुहोस् । | १० मिनेट |

# ४. देवनागरी ब्रेल लिपिमा आधा अक्षर

**दिन : पहिलो** **सत्र : चौथो** **समय : ९० मिनेट**

---

## परिचय

ब्रेलमा पनि आधा अक्षर लेख्नुपर्छ । ब्रेलमा आधा अक्षर लेख्दा त्यस आधा अक्षर लेख्नुपूर्व आधा अक्षर सूचक डट ४ दिइन्छ । यस प्रकार आधा अक्षर डटपछिको अक्षर आधा अक्षर मानिन्छ । यस सत्रमा देवनागरी ब्रेललिपिमा आधा अक्षरमा छलफल गरिनेछ ।

### उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् ।

- ब्रेलमा आधा अक्षर सूचक लेख्न;
- ब्रेलमा आधा अक्षरसहितको शब्द बनाउन ।

### विषयवस्तु

- ब्रेलमा आधा अक्षर तथा शब्द

### सामग्री

- बोर्ड मार्कर, मेटाकार्ड, पाठपत्र, ब्रेल अक्षर पत्ती,स्लेट, स्टाइलस, ब्रेल पेपर

### सहजीकरण क्रियाकलाप

| क्र.सं. | क्रियाकलाप | समय |
|---|---|---|
| १. | अन्तक्रियात्मक छलफलबाट विषयवस्तु, उद्देश्य र औचित्यबारे जानकारी गराउने । | १० मिनेट |
| २. | **ब्रेलमा आधा अक्षरः**<br>• आधा अक्षर ब्रेलमा कसरी लेख्ने भन्ने सम्बन्धमा सहजकर्ताले अन्तर्क्रियात्मक छलफल गराउँदै जानकारी गराउने ।<br>• ब्रेलमा प्रत्येक सहभागीहरूलाई आधा अक्षर समावेश भएका शब्दहरू दिई ब्रेलमा उल्था गर्न लगाउने ।<br>• ब्रेलमा लेखिएका आधा अक्षरहरूलाई पालैपालै पढेर सुनाउन लगाउने ।<br>• आधा अक्षरको छलफलपश्चात् आधा अक्षरले बनेका शब्दहरू पनि सहभागीरूलाई वितरण गर्ने ।<br>• उक्त शब्दहरूलाई ब्रेलमा लेख्न लगाउने ।<br>• लेखिएको शब्दहरू एकअर्का सहभागीहरूसँग साटासाट गर्न लगाउने र आफूलाई परेको शब्द सही वा गलत के छ ? पहिचान गरी पढेर सुनाउन लगाउने ।<br>• छलफलपश्चात् कुनै चार जना सहभागीहरूलाई उक्त आधा अक्षर र शब्द पढ्न तथा लेख्न सिकाउनका लागि १०।१० मिनटको नमुना शिक्षण योजना बनाउन लगाउने ।<br>• उक्त योजना अनुरूप प्रत्येक समूहबाट २।२ जना सहभागीहरूलाई १०।१० मिनेटको नमुना शिक्षण गर्न लगाउने । | ७० मिनेट |

| | | |
|---|---|---|
| | • नमुना शिक्षण गर्दा केही सहभागीहरूलाई विद्यार्थीको भूमिका र केहीलाई अवलोकनकर्ताको भूमिका दिने ।<br>• नमुना शिक्षणपश्चात् राम्रा पक्षहरू र सुधार गर्न सकिने पक्षहरू बारे छलफल गर्ने र आवश्यकता अनुरूप सहजकर्ताले सहजीकरण गर्ने । | |
| ३. | **प्रतिबिम्बन**<br>• केही सहभागीहरूलाई तलका नमुना शब्दहरू ब्रेलमा उल्था गर्न लगउँदै सत्रको समीक्षा गने । चल्ला, रत्न, स्यावास<br>• टयाक्क भन्ने शब्दहरूलाई ब्रेलमा उल्था गर्नुहोस् ।<br>देवनागरीमा उल्था गर्नुहोस्<br>k ⠁p p<br>) ⠁⠝⠝<br>H ⠁nn | १० मिनेट |

## ५. ब्रेललिपिमा देवनागरी शब्द लेखाइ (प्रयोगात्मक)

**दिन : दोस्रो** **सत्र : पहिलो** **समय : ९० मिनेट**

### परिचय

सिकाईका चार पक्षमध्ये शब्द लेखाइ एउटा महत्त्वपूर्ण पक्ष हो । देवनागरी ब्रेल लिपिलाई प्रयोग गरेर दृष्टिविहीन बालबालिकाहरूले लेख पढ गरी आफ्नो शैक्षिक उन्नयन गर्न सफल हुन्छन् । स्लेट स्टाईलस, टाईपराईटर र ब्रेल मेमो प्रयोग गरी देवनागरी ब्रेलमा लेख्न सकिन्छ । तसर्थ यस सत्रमा ब्रेलमा शब्द लेखनमा रहेर छलफल गरिनेछ ।

**उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् ।

- देवनागरीमा लेखिएका शब्दहरूलाई ब्रेलमा लेख्न सक्नेछन् ।

**विषयवस्तु**

- देवनागरीमा लेखिएका शब्दहरूलाई ब्रेलमा लेखाइ ।

**सामग्री**

- बोर्ड, मार्कर, मेटाकार्ड, पाठपत्र, शब्द सूची, स्लेट, स्टाईलस, ब्रेल पेपर

**सहजीकरण क्रियाकलाप**

| क्र.सं. | क्रियाकलाप | समय |
|---|---|---|
| १. | अन्तर्क्रियात्मक छलफलबाट विषयवस्तु, उद्देश्य र औचित्यबारे जानकारी गराउने । | १० मिनेट |
| २. | **ब्रेलमा देवनागरी शब्द र लेखाइ प्रक्रिया**<br>• ब्रेललिपिमा शब्दलाई लेखिने तौरतरिका, एक शब्द र अर्को शब्द बीचमा ब्रेल लिपिमा लेख्दा पनि खाली ठाउँ छोड्नुपर्ने जस्ता ध्यान दिनुपर्ने कुराहरूमा रहेर सहजकर्ताले अन्तर्क्रियात्मक छलफल गराउँदै जानकारी गराउने ।<br>• छलफलपश्चात् सहभागीहरूलाई ४ समूहमा विभाजन गर्ने ।<br>• प्रत्येक समूहलाई फरक फरक शब्दहरूको शब्द सूची वितरण गर्ने ।<br>• उक्त शब्दहरूलाई समूहमा छलफल गर्दै ब्रेलमा उल्था गर्न वा लेख्न लगाई प्रस्तुत गर्न लगाउने ।<br>• प्रस्तुति गर्दा केही सुधार गर्नुपर्ने भए सहजकर्ताले सहजीकरण गर्ने ।<br>• उक्त कार्यपश्चात् प्रत्येक समूहबाट एक जना सहभागी गरेर ४ जना सहभागीहरूलाई ब्रेलमा शब्द पढ्न तथा लेख्न सिकाउनको लागि १०।१० मिनेटको नमुना शिक्षण योजना बनाउन लगाउने । उक्त योजना अनुरूप प्रत्यक समूहबाट २।२ जना सहभागीहरूलाई १०।१० मिनेटको नमुना शिक्षण गर्न लगाउने ।<br>• नमुना शिक्षण गर्दा केही सहभागीहरूलाई विद्यार्थीको भूमिका र केहीलाई अवलोकन कर्ताको भूमिका दिने ।<br>• नमुना शिक्षणपश्चात् राम्रा पक्षहरू र सुधार गर्न सकिने पक्षहरूबारे छलफल गर्ने र आवश्यक्तानुरूप सहजकर्ताले सहजीकरण गर्ने । | ७० मिनेट |

| | | |
|---|---|---|
| ३. | **प्रतिबिम्बन**<br>तलका नमुना प्रश्नहरूमा प्रश्नोत्तर तथा अन्तर्क्रिया गर्दै सत्रको समीक्षा गर्ने ।<br>• ब्रेलमा देवनागरी शब्द र लेखाइ गर्दा धयान दिनुपर्ने विषयहरू के के रहेछन् ।<br>• कक्षाकोठामा शब्दहरू सिकाउँदा के के कुराहरूमा तयारी गर्नुपर्ने रहेछ ? | १० मिनेट |

# ६. देवनागरी लिपिमा विराम चिह्न, विभक्ति, संयोजक

**दिन : दोस्रो** **सत्र : दोस्रो** **समय : ९० मिनेट**

## परिचय

ब्रेललिपिमा लेखपढ गर्दा विभिन्न विराम चिह्नका साथै विभक्ति संयोजकहरू प्रयोग हुने भएकोले तिनीहरूलाई उपयुक्त किसिमले उपयुक्त ठाउँमा प्रयोग गरिन्छ । देवनागरी ब्रेल लेख्दा पढ्दा अन्य लिपिमा जस्तै विरामका साथै अन्य चिह्नहरू प्रयोग गरेर लेख्य भाषालाई सजिलै बुझ्न सकिने र भाषालाई स्तरीय बनाइन्छ । त्यसै कारण यस सत्रमा देवनागरी लिपिमा विराम चिह्न, विभक्ति, संयोजक चिह्नहरूको छलफल गरिने छ ।

### उद्देश्य

यस सत्रको अन्त्यमा तालिममा सहभागीहरू निम्न कुराहरू गर्न सक्षम हुनेछन् ।

- उपयुक्त स्थानमा उपयुक्त ब्रेल विराम चिह्न प्रयोग गर्न;
- उपयुक्त किसिमले ब्रेल विभक्ति, संयोजकको प्रयोग गर्न ।

### विषयवस्तु

- ब्रेलमा उपयुक्त विराम चिह्न, विभक्ति, संयोजकको प्रयोग ।

### सामग्री

- मेटाकार्ड, बोर्ड, मार्कर, न्युज प्रिन्ट, ब्रेल पेपर, स्लेट, स्लाईटस

### सहजीकरण क्रियाकलाप

| क्र.सं. | क्रियाकलाप | समय |
|---|---|---|
| १. | अन्तक्रियात्मक छलफलबाट विषयवस्तु, उद्देश्य र औचित्यबारे जानकारी गराउने । | १० मिनेट |
| २. | **देवनागरी ब्रेलमा विभिन्न विराम चिह्न, विभक्ति, संयोजकको प्रयोग**<br>• देवनागरी ब्रेलमा विभिन्न विराम चिह्न, विभक्ति, संयोजकको प्रयोग सम्बन्धमा सहभागीहरूसँग छलफल गर्दै अन्तर्क्रिया गर्ने ।<br>• विराम चिह्न जस्तै पूर्ण विराम, प्रश्नवाचक, आश्चर्यवाचक, विराम, अर्ध विराम, विसर्ग, यस्तै चिह्नहरूमा छोटो ड्यास, योजक, लामो ड्यास, चन्द्र विन्दु , डबल कोटेशन मार्क सुरु र अन्त्य, सिंगल कोटेशन मार्क सुरु र अन्त्य, शीर विन्दु , बराबर चिह्न, चन्द्र विन्दु यस्तै ठूला र साना कोष्ठ लाई मेटा कार्डमा तथा ब्रेलमा समेत लेखी तालिमका सहभागीहरूलाई त्यस सम्बन्घमा पालैपालो सोधी छलफल गर्ने ।<br>• माथि उल्लेखित संयोजक र विभक्ति समाविष्ट गरी देवनागरी शब्द, वाक्यहरू न्यूजप्रिन्टमा लेखी भित्तामा टाँसेर राखे र केही सहभागीहरूलाई पढ्न लगाउँदै सबैको सहभागीता सुनिश्चतता गर्दै उक्त शब्द वा वाक्यमा कुन चिह्न कहाँ प्रयोग गर्नेबारे प्रश्नोत्तर गर्दै सहजीकरण गर्ने । | ७० मिनेट |
| ३. | **प्रतिबिम्बन**<br>केही सहभागीहरूलाई तल उल्लेखित चिह्नसहितका नमुना शब्द तथा वाक्यहरू ब्रेलमा उल्था गर्न लगाउँदै सत्रको समीक्षा गर्ने ।<br>• पूर्ण विराम चिह्नको ब्रेल डट बाउनुहोस् ।<br>• ब्रेलमा हामीलाई लेख्नुहोस् । | १० मिनेट |

| | | |
|---|---|---|
| | • ब्रेलमा राम र सीता घर गए लेखेर देखाउनुहोस् ।<br>• हरिको भाइ सानै (३ वर्षका) छन् । ब्रेलमा उल्था गर्नुहोस् ।<br>• मेरो नाम केवल हो । यो वाक्यलाई ब्रेलमा उल्था गर्नुहोस् । | |

# ७. ब्रेललिपिमा पढाइ र लेखाइ सिप

**दिन : दोस्रो** **सत्र : तेस्रो र चौथो** **समय : १८० मिनेट**

## परिचय

उपयुक्त किसिमको पढाइ र लेखाइले मानव जीवनलाई थप सफल पार्न सहयोग पुग्ने हुँदा दृष्टिविहीन बालबालिकाहरूलाई उपयुक्त किसिमको पढाइ र लेखाइको अवसर प्रदानगरी दृष्टिविहीन बालबालिकाहरूको पठनपाठनमा सक्षमता ल्याउन सकिन्छ । तसर्थ यस सत्रमा ब्रेल लिपि पढाइ र लेखाइअन्तर्गत औँलाहरूको ठिक आसन, हातका औँलाहरूको गति र औँलाको हलुका स्पर्श सम्बन्धमा छलफल तथा अन्तर्क्रिया गरिने छ ।

### उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् ।

- औँलाहरूको ठिक आसन (Good Postured), हातका औँलाहरूको गति र औँलाको हलुका स्पर्शबारे बताउन;
- ब्रेललिपिमा पढाइ र लेखाइ गर्दा ध्यान दिनुपर्ने विषयहरू पहिल्याउन;
- उपयुक्त किसिमले ब्रेलमा लेखिएका लेख्यलाई पढ्न र लेख्न ।

### विषयवस्तु

- औँलाहरूको ठिक आसन (Good Postured), हातका औँलाहरूको गति र औँलाको हलुका स्पर्श;
- ब्रेललिपिमा पढाइ र लेखाइ गर्दासम्बन्धी ध्यान दिनुपर्ने विषयहरू;
- ब्रेलमा लेखिएका लेख्यहरूको पढाइ र लेखाइ ।

### सामग्री

- मेटाकार्ड, बोर्ड, ब्रेल गाइड, मार्कर न्यूजप्रिन्ट

### सहजीकरण क्रियाकलाप

| क्र.सं. | क्रियाकलाप | समय |
|---|---|---|
| १. | अन्तक्रियात्मक छलफलबाट विषयवस्तु, उद्देश्य र औचित्यबारे जानकारी गराउने । | १० मिनेट |
| २. | **औँलाहरूको ठिक आसन (Good Postured), हातका औँलाहरूको गति र औँलाको हलुका स्पर्श**<br>• सहजकर्ताले औँलाहरूको ठिक आसन (Good Postured), हातका औँलाहरूको गति र औँलाको हलुका स्पर्श बारे ध्यान दिनु पर्ने कुराहरू अन्तर्क्रियात्मक छलफल गर्दै सहभागीहरूलाई अभ्यास बारे बताउन लगाउँदै जानकारी गराउने ।<br>• छलफलपश्चात् स्लेट र स्टाईलसको प्रयोग बारेसमेत सहभागीहरूको अनुभव सुनाउन लगाउँदै यसको प्रयोग बारे जानकारी गराउने । साथै सहजकर्ताले औँलाको ठिक आसन, गति र हलुका स्पर्श बारेसमेत जानकारी गराउने ।<br><br>**औँलाहरूको ठिक आसन**<br>• साथै ब्रेल स्लेटको दुई खप्टेराको बीचमा ब्रेल पेपर छिराएर स्लेटलाई बन्द (लक) गरी प्रशिक्षकले प्रशिक्षार्थीहरूलाई देखाउँदै प्रत्येक प्रशिक्षार्थीलाई स्लेटको बीचमा ब्रेल पेपर राखी बन्द गर्न लगाउने । साथै स्टाइलसको माथिल्लो भागको बीचमा चोर औँलाको बिच भागले अठ्याएर समाउन लगाउने । त्यसपछि दाँया बाट बाँयातिर स्टाइलसले डट (थोप्ला) बनाउँदै आउने गर्नुपर्छ भनी सहजीकरण गर्ने । | १६० मिनेट |

| | | |
|---|---|---|
| | **हातका औँलाहरूको गति र हलुका स्पर्श**<br>• ब्रेल पढ्दा हातका ६ वटा औँलाहरू (दाहिने र बाँया हातका बीचका ३ । ३ वटा औँलाहरू) एकैचोटी ब्रेल वाक्यको बाँया किनारमा राखी क्रमशः पढ्दै दाहिनेतिर छामेर पढ्दै अगाडि बढ्नुपर्छ भनी जानकारी गराउने । छामेर पढ्दै अगाडि बढ्दै जाँदा वाक्यको बिचमा पुगेपछि बाँया हातका बिचका ३ वटा औँलाहरूलाई वाक्यको सुरुको भागमा अक्षर माथिबाट ल्याउने र दाहिने हातका बिचका ३ वटा औँलाहरू भने पढ्दै वाक्यका अन्तिमतिर गई दाहिने हातका ३ वटा औँलालाई तल्लो वाक्यको अन्तिमबाट औँला सार्दै बाँया हातका औँलाहरूलाई छुने भनी जानकारी गराउने । यसपछि ६ वटै औँलाको टुप्पाले पढ्दै दाहिनेतिर जानु पर्ने ब्यहोरा अवलोकन गराउने  र  फेरि वाक्यको बिचमा पुगेपछि माथि भनिएअनुसार दाहिने हातका औँलाले दाहिनेतिर पढ्दै जाने र बाँया हातका औँलाहरू बायाँतिर वाक्यको सुरुमा ल्याई तल्लो वाक्यको सुरुमा राख्ने बारे प्रष्ट हुन सहजीकरण गर्ने ।<br>• जानकारीपश्चात् जोडीमा  बस्न लगाउने ।<br>• प्रत्येक जाडीहरूलाई ब्रेलमा लेखिएका सामग्रीहरू वितरण गर्ने ।<br>• उक्त जोडीलाई वितरण गरिएको सामग्रीहरू पढ्दा तथा लेख्दा हातको पोजिसन, स्थान, स्पर्शका तरिका, औँला सार्ने क्रम, उपयुक्त गति र लेख्दा स्लेट र स्टाइलसको उपयुक्त रूपमा प्रयोगको समेत अभ्यास गराउँदै प्रदर्शन गर्न लगाउने ।<br>• साथै  आवश्यकताअनुरूप सहजीकरण गर्ने । | |
| ३. | **प्रतिबिम्बन**<br>तल उल्लेखित नमुना  प्रश्नहरू गर्दै सत्रको समीक्षा गर्ने ।<br>• ब्रेल पढ्नका लागि हातको पोजिसन, गति, स्थान, स्पर्श गर्ने उपयुक्त तरिकाहरू के कस्ता हुँदा रहेछन्?<br>• स्लेट र स्टाइलस प्रयोग गर्दा ध्यानदिनुपर्ने कुराहरू के के हुँदारहेछन् ?<br>• ब्रेलमा लेख्ने तरिकाहरू के के हुँदारहेछन्? | १० मिनेट |

# ८. अङ्ग्रेजीमा अक्षरहरू स्वर र व्यञ्जन (सानो र ठूलो)

**दिन : तेस्रो** **सत्र : पहिलो** **समय : ९० मिनेट**

## परिचय

ब्रेलमा पनि अङ्ग्रेजी अक्षरहरू लेख्न सकिन्छ । सानो अक्षर र ठूलो अक्षर दुवै लेख्न सकिन्छ । सानो ब्रेल अक्षर र ठूलो अक्षर फरक फरक किसिमले लेखिन्छ । दृष्टिविहीन बालबालिकाहरूले ब्रेलमा स्वर र व्यञ्जन अक्षरहरू लेखपढ गर्दै आफ्नो क्षमता अभिवृद्धि गर्नुपर्छ । अतः यस सत्रमा दृष्टिविहीन बालबालिकाहरूले ब्रेलमा अङ्ग्रेजी स्वर र व्यञ्जन लेखपढ गर्ने विषयवस्तुमा विशेष छलफल गरिने छ ।

### उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् ।

- अङ्ग्रेजी ब्रेलमा ठूलो स्वर र व्यञ्जन अक्षर पहिचान गर्न;
- अङ्ग्रेजी ब्रेलमा सानो स्वर र व्यञ्जन अक्षर पहिचान गर्न;
- अङ्ग्रेजी ब्रेलमा ठूलो अक्षर सूचकबारे बताउन ।

### विषयवस्तु

- अङ्ग्रेजी ब्रेलमा ठूलो अक्षर, सानो अक्षर र ठूलो अक्षर सूचक ।

### सामग्री

- ब्रेल पेपर, प्रिन्ट पेपर, मेटाकार्ड, बोर्डमार्कर,पर्किन्स, टाईपराईटर, स्लेट, स्टाईलस

### सहजीकरण क्रियाकलाप

| क्र.सं. | क्रियाकलाप | समय |
|---|---|---|
| १. | अन्तक्रियात्मक छलफलबाट विषयवस्तु, उद्देश्य र औचित्यबारे जानकारी गराउने । | १० मिनेट |
| २. | अङ्ग्रेजी ठूलो र सानो अक्षर<br>• सहभागीहरूलाई न्यूजप्रिन्टमा अङ्ग्रेजी ब्रेलको सानो अक्षर र ठूलो अक्षर लेखेकोलाई अगाडि टाँस गरी सो अवलोकन गराउने साथै अङ्ग्रेजी ब्रेल डटलाई पढ्न लगाउने । ठूलो अक्षर र सानो अक्षरको लेखाइमा हुने फरकलाई प्रष्ट पार्दै सहजीकरण गर्ने ।<br>• सहभागीहरूलाई पालैपालो उक्त टाँस गरिएको सामग्री वा ब्रेल डटहरू पढ्न लगाउँदै थप प्रष्ट हुन सहजीकरण गर्ने ।<br>• जानकारीपश्चात् सहभागीहरू सबै जनालाई स्लेट स्टाइलसको सहयोगबाट अङ्ग्रेजी ब्रेलका साना र ठूला अक्षरहरू लेख्न लगाउने ।<br>• सहभागीहरूलाई गोलाकारमा उभिन लगाउँदै ब बाट श सम्मका अक्षरको ब्रेल डट एक–एकजनालाई पालैपालो भन्न लगाउने ।<br>• साथै सहजकर्तांले आवश्यकताअनुरूप छलफल तथा अन्तर्क्रिया गर्दै सहजीकरण गर्ने । | ७० मिनेट |
| ३. | **प्रतिबिम्बन**<br>तलका नमुना प्रश्नहरूमा छलफल गर्दै सत्रको समीक्षा गर्ने ।<br>• क्यापिटल लेटर (ठूलो अक्षर) सूचक ब्रेलडट के हो ?<br>• क्यापिटल लेटर (ठूलो अक्षर) B, P, L को ब्रेलडट भन्नुहोस् । | १० मिनेट |

| | | |
|---|---|---|
| | • स्मल लेटर d, c, f को ब्रेलडट लेखेर देखाउनुहोस् ।<br>• ब्रेलडट र अङ्ग्रेजी अक्षर लेख्दा के के कठिनाइ हुन्छन् भन्नुहोस् । | |

# ९. अङ्ग्रेजी ब्रेललिपिमा शब्द र वाक्यको पढाइ र लेखाइ

**दिन : तेस्रो** **सत्र : दोस्रो र तेस्रो** **समय : १८० मिनेट**

## परिचय

दृष्टिविहीन बालबालिकाहरूले अङ्ग्रेजी ब्रेललिपिमा लेखपढ गरी ज्ञान आर्जन गर्न आवश्यक हुन्छ । अतः अङ्ग्रेजी ब्रेलमा शब्द र वाक्य के कसरी लेख्ने भन्ने बारेमा यस सत्रमा यसका अवयवको समीक्षा गर्दै छलफल र पुनरावलोकन गराइने छ ।

### उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् ।

- अङ्ग्रेजी ब्रेलका शब्द र वाक्यहरू पढ्न;
- अङ्ग्रेजी ब्रेलका शब्द र वाक्यहरू लेख्न ।

### विषयवस्तु

- अङ्ग्रेजी ब्रेल पढाइ;
- अङ्ग्रेजी ब्रेल लेखाइ ।

### सामग्री

- न्यूजप्रिन्ट, मेटाकार्ड, स्लेट, स्टाईलस, ब्रेल पेपर, बैलमा शब्द तथा वाक्यहरू

### सहजीकरण क्रियाकलाप

| क्र.सं. | क्रियाकलाप | समय |
|---|---|---|
| १. | अन्तक्रियात्मक छलफलबाट विषयवस्तु, उद्देश्य र औचित्यबारे जानकारी गराउने । | १० मिनेट |
| २. | **अङ्ग्रेजी ब्रेल पढाइ तथा लेखाइ**<br>• सहजकर्ताले अङ्ग्रेजीमा जस्तै ब्रेललिपिमा शब्दहरूको पढाइ तथा शब्दहरू लेख्दा ध्यान दिनुपर्ने कुराहरूजस्तो शब्दको बीचमा खाली ठाउँ राख्नुपर्ने, वाव्यको पहिलो शब्दको पहिलो अक्षर ठूलो अक्षर हुने जस्ता कुराहरूबारे छलफल गराउँदै सहजीकरण गर्ने ।<br>• उक्त छलफलपश्चात् सहभागीहरूलाई २।२ समूहमा विभाजन गर्ने ।<br>• छलफल तथा जानकारीपश्चात् सहभागीहरूलाई अङ्ग्रेजीमा लेखिएका समाग्रीहरूलाई ब्रेलमा लेख्न लगाउने । उक्त कपिलाई अर्को साथीसँग साटेर पढ्न लगाउने । यसरी पढ्दा ब्रेल पढ्ने साथीको पढाइ पहिलो साथीले राम्रोसँग सुन्ने र कुनै सुधार गर्नुपर्ने भए सो बारेमा छलफल गर्दै सुधार गर्ने ।<br>• साथीले वाक्यहरू पढ्दा विस्तारै र शब्द छुट्टिने उच्चारण गरी पढेको नपढेको बारे अर्को साथीले ध्यानपूर्वक सुन्ने ।<br>• साथै लेखाइमा पनि शुद्धाशुद्धि के छ ? र उक्त कुराहरू पनि पत्ता लगाउँदै सुधार गर्नुपर्ने भए सो बारेसमेत छलफल गर्ने र आवश्यकताअनुरूप सहजकर्ताले सहजीकरण गर्ने । सुधार गर्नुपर्ने भए सो बारेसमेत छलफल गर्ने र आवश्यकताअनुरूप सहजकर्ताले सहजीकरण गर्ने ।<br>• छलफलपश्चात् सहभागीहरूले तयार गरेको शब्दहरू तथा वाक्य अनुरूप बालबालिकाहरूलाई सिकाउनका लागि २।३ जना सहभागीहरूलाई १० मिनेटको नमुना शिक्षण योजना बनाउन लगाउने ।<br>• उक्त योजनाअनुरूप नमुना शिक्षण गर्न लगाउने । | १७० मिनेट |

| | | |
|---|---|---|
| | • नमुना शिक्षण गर्दा केही सहभागीहरूलाई अवलोकनको जिम्मेवारी दिने । साथै, नमुना शिक्षणपश्चात् राम्रा पक्ष तथा सुधार गर्नुपर्ने पक्षबारे छलफल गर्ने साथै नमुना शिक्षणपश्चात् राम्रा पक्ष तथा सुधार गर्नुपर्ने पक्षबारे छलफल गर्ने साथै सहजकर्ताले आवश्यकताअनुरूप छलफल तथा अन्तर्क्रिया गर्दै सहजीकरण गर्ने । । | |
| ३. | **प्रतिबिम्बन**<br>• सहभागीहरूलाई नमुना शिक्षण क्रियाकलाप बारेको अनुभव सुनाउन लगाउँदै सत्रको समीक्षा गर्ने । | १० मिनेट |

# १०.अङ्ग्रेजी ब्रेलमा विराम र अन्य चिह्नहरू

**दिन : तेस्रो** **सत्र : चौथो** **समय : ९० मिनेट**

## परिचय

भाषालाई शुद्ध रूपमा पढाइ र लेखाइको लागि विराम चिह्नका साथै अन्य चिह्नहरूको प्रयोग हुँदै आएको छ । अङ्ग्रेजी भाषामा रहेका सबै विराम चिह्न र अन्य चिह्नहरू अङ्ग्रेजी ब्रेलमा पनि प्रयोग हुने भएकाले यस सम्बन्धमा यहाँ छलफल तथा अन्तर्क्रिया गरिने छ ।

### उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् ।

- अङ्ग्रेजी ब्रेल विराम र अन्य चिह्नहरूको डट पहिचान गर्न;
- अङ्ग्रेजी ब्रेल विराम र अन्य चिह्न उपयुक्त ठाउँमा प्रयोग गर्न ।

### विषयवस्तु

- अङ्ग्रेजी ब्रेल विराम र अन्य चिह्नहरू

### सामग्री

- बोर्ड, मार्कर, न्युजप्रिन्ट, मेटा कार्ड, स्लेट, स्टाइलस, ब्रेल चिह्नहरू, स्लेट, स्टाइलस, वाक्यहरू

### सहजीकरण क्रियाकलाप

| क्र.सं. | क्रियाकलाप | समय |
|---|---|---|
| १. | अन्तक्रियात्मक छलफलबाट विषयवस्तु, उद्देश्य र औचित्यबारे जानकारी गराउने । | १० मिनेट |
| २. | **अङ्ग्रेजी ब्रेल विराम र अन्य चिह्नहरू**<br>• सहजकर्तासे ब्रेलमा comma, comma, full stop, semicolon, colon, exclamation mark, question mark, apostrophe, opening parenthesis, closing parenthesis का ब्रेल चिह्न न्यूज प्रिन्टमा लेखेर र ब्रेलमा लेखेर आवश्यकता अनुरूप शिक्षकहरूलाई दिने वा टाँस्ने र प्रशिक्षार्थीहरूलाई एकएक गरेर उक्त चिह्न पढेर सुनाउन लगाउने ।<br>• सहभागीहरूलाई गोलो घेरामा राखेर माथिका विसर्ग र अन्य चिह्नहरूको ब्रेलडट भन्न लगाउने र अन्तक्रियात्मक रूपमा छलफल सञ्चालन गर्दै सहजीकरण गर्ने ।<br>• माथि उल्लेखित विसर्ग र अन्य चिह्नहरूलाई मेटाकार्डमा लेखेर वा ब्रेलमा तयार गरेर सहभागीहरूलाई एक एक गरेर त्यो मेटाकार्ड तान्न लगाउने र आफूलाई परेका चिह्नका बारेमा भन्न र यसको प्रयोग बारेसमेत भन्न लगाउँदै छलफल गराउन सहजीकरण गर्ने । | ७० मिनेट |
| ३. | **प्रतिबिम्बन**<br>• तलका नमुना वाक्यहरूलाई ब्रेलमा रूपान्तरण गर्दे उपयुक्त स्थानमा ब्रेलमा विराम र अन्य उपयुक्त चिह्न राख्न लगाउँदै सत्रको समीक्षा गर्ने ।<br>• Where are you going?<br>• My name is Rita.<br>• What a beautiful pen!<br>• I need 5 (five) marbles. | १० मिनेट |

# ११ . एकीकृत अङ्ग्रेजी ब्रेल

**दिनः चौथो** **सत्रः पहिलो, दोस्रो, तेस्रो र चौथो** **समयः ३६**

## परिचय

एकीकृत अङ्ग्रेजी ब्रेल कोड एउटा यस्तो ब्रेल कोड हो जुन संसारभरिका अङ्ग्रेजी बोल्ने देशहरूका दृष्टिविहीन व्यक्तिहरूको लागि एउटै किसिमको अङ्ग्रेजी ब्रेलकोड तयार गरिएको छ । यसले सबै अङ्ग्रेजी बोल्ने देशहरूका ब्रेल पाठकहरूले सबै देशका ब्रेलमा लेखिएका सन्देश, समाचार र पुस्तकहरू पढ्न सक्षम भई सजिलै ज्ञान हासिल गर्न सकिन्छ । नेपालमा पनि एकीकृत अङ्ग्रेजी ब्रेल लागू भइसकेको परिप्रेक्ष्यमा यस सम्बन्धमा यहाँ छलफल गरिने छ ।

### उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् ।

- एकीकृत अङ्ग्रेजी ब्रेलको आवश्यकता र महत्त्व बताउन;
- Signle letter (एकल अक्षरका सङ्कुचन), Whole word (पूर्ण शब्दको सङ्कुचन) र Part word Contraction ( अर्ध शब्दका सङ्कुचन) बारे बताउन;
- Whole word lower sign पूर्ण शब्दका तल्लो खण्डका सङ्कुचन Part world lower sign आधा शब्दका तल्लो खण्डका सङ्कुचन Initial letter contraction (सुरु अक्षरका सङ्कुचन ) बारे व्याख्या गर्न;
- Final letter अन्त्य अक्षरका सङ्कुचन Short form शब्दको छोटो रूप सङ्कुचन बताउन ।

### विषयवस्तु

- एकीकृत अङ्ग्रेजी ब्रेलको आवश्यकता र महत्त्व;
- Signle letter (एकल अक्षरका सङ्कुचन), Whole word (पूर्ण शब्दको सङ्कुचन) र Part word Contraction ( अर्ध शब्दका सङ्कुचन) ;
- Whole word lower sign पूर्ण शब्दका तल्लो खण्डका सङ्कुचन Part world lower sign आधा शब्दका तल्लो खण्डका सङ्कुचन Initial letter contraction (सुरु अक्षरका सङ्कुचन) ;
- Final letter अन्त्य अक्षरका सङ्कुचन Short form शब्दको छोटो रूप ।

### सामग्री

- मेटाकार्ड, प्रोजेक्टर, बोर्डमार्कर, न्युजप्रिन्ट पेपर, पाठपत्र, स्लेट, स्टाइलस, ब्रेल पेपर

### सहजीकरण क्रियाकलाप

| क्र.सं. | क्रियाकलाप | समय |
|---|---|---|
| १. | अन्तर्क्रियात्मक छलफलबाट विषयवस्तु, उद्देश्य र औचित्यबारे जानकारी गराउने । | १० मिनेट |
| २. | **अङ्ग्रेजी एकीकृत ब्रेल आवश्यकता र महत्त्व**<br>• सहजकर्ताले तयार गरेको प्रस्तुति अनुरूप अङ्ग्रेजी एकीकृत ब्रेल आवश्यकता र महत्त्व सम्बन्धमा प्रस्तुति तथा अन्तर्क्रिया गर्दै हालसम्म कुन कुन देशमा यो लागू वा अभ्यास भइरहेको समेत बारेमा जानकारी गराउँदै छलफल गर्ने । | ७० मिनेट |

| | | |
|---|---|---|
| ३. | **अङ्ग्रेजी एकीकृत ब्रेलको प्रकार र प्रयोग**<br>• सहजकर्ताले अङ्ग्रेजी एकीकृत ब्रेलको प्रकारहरू बारे प्रस्तुति तथा छलफल गर्दै जानकारी गराउने ।<br>• छलफलपश्चात् एकीकृत ब्रेलका प्रकारहरू मध्येका Single letter, Whole word / Part world contraction न्यूज प्रिन्टमा लेखेर वा ब्रेलमा लेखेर सहभागीतात्मक रूपमा छलफल सञ्चालन गराउने ।<br>• छलफलसँगै सहभागीहरूलाई यसको अभ्यास वा कक्षाकोठामा कसरी कार्यान्वयन गरिरहनुभएको छ ? भन्दै अनुभव सुनाउन लगाउने ।<br>• सहभागीहरूको अनुभवसँगै यसमा के के कठिनाइ वा समस्याहरू रहेकाछन् सोसमेत जानकारी गराउन लगाउँदै यसबारेमा थप प्रष्ट हुन मद्दत गर्ने ।<br>• छलफलपश्चात् पुनः सहजकर्ताले Whole word lower sigh, Part world lower Sign र Initial letter contraction लाई मेटाकार्डमा लेखेर वा ब्रेलमा लेखेर सहभागीहरूलाई उपलब्ध गराउदै यसको अभ्यास तथा कार्यान्वयन बारे अन्तर्क्रियात्मक रूपमा छलफल सञ्चालन गर्ने । साथै छलफल गर्दै गर्दा सहभागीहरूलाई यी क्रियाकलाप गराउँदा वा गर्दा के कस्ता समस्या वा कठिनाइ भोगिरहनुभएको छ ? भन्ने कुराहरूपनि सुनाउन लगाउने ।<br>• छलफलको क्रममा थप प्रष्ट हुनुपर्ने आवश्यकता भएमा अन्तर्क्रियात्मक रूपमा छललफल गर्दै प्रष्ट पार्ने । | ९० मिनेट |
| ४. | **Final letter अन्त्य अक्षरका सङ्कुचन र Short form शब्दको छोटो रूप सङ्कुचन**<br>• सहजकर्ताले Final letter र Short form लाई न्यूज प्रिन्टमा लेखेर वा ब्रेलमा तयार गरेर आवश्यकता अनुरूप सहभागीहलाई वितरण गर्ने सहभागीहरूलाई गोलाकारमा उभिन लगाएर आफ्नो हातमा रहेको मेटाकोर्डमा लेखेको वा ब्रेलमा लेखिएका सङ्कुचन पत्ता लगाउने र आफ्नो छेउको सहभागीलाई एउटा-एउटा सङ्कुचन सोध्ने ।<br>• सङ्कुचन सम्बन्धमा सोधनी भइसकेपछि तालिमको सहभागीहरूलाई ब्रेलमा सङ्कुचन प्रयोग गरी ३-३ वटा अङ्ग्रेजी वाक्य बनाउन लगाउने । ती तयार पारिएका वाक्यलाई एउटाले अर्को साथीलाई उपलब्ध गराई लेखिएका वाक्य ठिक बेठिक भएको पत्ता लगाउने भन्ने । साथै प्रत्येक सहभागीहरूले उक्त सङ्कुचनको प्रयोग उपयुक्त वा ठिक भए नभएकोसँगै कुनचाहिँ सही हो भन्ने बारेसमेत छलफल गर्न लगाउने ।<br>• साथै आवश्यकता अनुरूप सहजकर्ताले सहजीकरण गर्दै थप प्रष्ट हुन मद्दत गर्ने र थप जानकारी लिनका लागि स्रोत पुस्तिकामा भएको सम्बन्धित विषय केन्द्रित अध्ययन गर्न लगाउने । | ९० मिनेट |
| ५. | **समूह अभ्यास तथा छलफल**<br>• तालिमका सहभागी शिक्षक साथीहरूलाई ८ समूहमा विभाजन गर्ने ।<br>• समूह १ लाई Single letter contraction, समूह २ लाई Whole word contraction, समूह ३ लाई Part word contraction, समूह ४ लाई Whole word lower Sign contraction, समूह ५ लाई Part word lower sign, समूह ६ लाई Initial letter, समूह ७ लाई Final letter र समूह ८ लाई Short form का सङ्कुचनबारे छलफल गर्दै टिपोट गर्न लगाउने ।<br>• टिपोट गरिएका सङ्कुचनहरू एकअर्का समूहमा रहेर छलफल गर्न लगाउने । छलफलकै क्रममा एउटा समूहले सुनाएको सङ्कुचनहरू अर्को समूलाई ब्रेलमा लेख्न लगाउने ।<br>• यसरी एक समूहले भनेको सङ्कुचन अर्को समूहले लेख्दै गर्दा कुन समूहले सबैभन्दा सही तरिकाले लेखेको छ हेरी उक्त समूहलाई उत्कृष्ट भनेर सबै सहभागीहरूलाई सुनाउने र पुरस्कृत गर्ने ।<br>• साथै उक्त समूहरूको छलफल र लेख्ने क्रमसँगै आवश्यकताअनुरूप सहजकर्ताले सहजीकरण गर्ने । | ९० मिनेट |

| | | |
|---|---|---|
| ६. | **प्रतिबिम्बन**<br>• प्रत्येक सहभागीहरूलाई आफ्नो नाम ब्रेल सङ्कुचनमा लेखेर देखाउन तथा सुनाउन लगाउँदै सत्रको समीक्षा गर्ने । | १० मिनेट |

# १२ . शैक्षिक सामग्री र त्यसको प्रयोग

**दिनः पाँचौं** **सत्रः पहिलो, दोस्रो, तेस्रो र चौथो** **समयः ३६० मिनेट**

## परिचय

दृष्टिविहीन बालबालिकाको शिक्षालाई प्रभावकारी बनाउनको लागि शैक्षिक सामग्री अति आवश्यक हुन्छ । शैक्षिक सामग्रीले विषयवस्तुलाई छर्लङ्ग पार्नमा मद्दत पुऱ्याउँछ । थाहा भएकै कुरा हो कि हेरेर अनुभव गरेर सिकेका कुराहरू पछिसम्म सम्झिरहिन्छ । अतः शिक्षण सिकाइमा विषयवस्तु सँगसँगै सम्बन्धित सामग्रीहरू पनि प्रस्तुत गर्दै लगे विद्यार्थीहरूले उत्सुकतापूर्वक ध्यान दिएर सिक्नेछन् । दृष्टिविहीन विद्यार्थीहरूले वस्तुलाई छामेर धारणाको विकास गर्छन् जसले गर्दा ती विषवस्तुको ज्ञान पछिसम्म रहन्छ । दृष्टिविहीनहरूको लागि धेरै जसो शैक्षिक सामग्रीहरू विशेष किसिमका हुन्छन् । गाउँघर र वातावरणमा पाइने अनगिन्ती सामग्रीहरू दृष्टिविहीन विद्यार्थीहरूको शिक्षाको लागि उपयुक्त शैक्षिक सामग्री हुन सक्छन् । जुन उपयुक्त शिक्षाको लागि फलदायी हुन्छ ।

### उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् ।

- विभिन्न शिक्षण सामग्रीहरूको पहिचान तथा नमुना सामग्री बनाएर प्रदर्शन गर्न;
- उपलब्ध तथा निर्माण गरिएका नमुना शैक्षिक सामग्रीहरू प्रयोग बारे व्याख्या गर्न ।

### विषयवस्तु

- विभिन्न शिक्षण सामग्री तथा नमुना सामग्री निर्माण;
- उपलब्ध तथा निर्माण गरिएका नमुना शैक्षिक सामग्रीहरूको प्रयोग ।

### सामग्री

- न्यूज प्रिन्ट, मेटाकार्ड, बोर्ड, मार्कर, विभिन्न शैक्षिक तथा सन्दर्भ सामग्री, अन्न, ठोस वस्तुहरू, धागो, कैंची, कार्डबोर्ड, स्लेट, स्टाइलस, पेपर

### सहजीकरण क्रियाकलाप

| क्र.सं. | क्रियाकलाप | समय |
|---|---|---|
| १. | अन्तर्क्रियात्मक छलफलबाट विषयवस्तु, उद्देश्य र औचित्यबारे जानकारी गराउने । | १० मिनेट |
| २. | **शैक्षिक सामग्री र प्रयोग**<br>• सहजकर्ताले सहभागीहरूलाई हाल तपाईंहरू कक्षाकोठामा के कस्ता सामग्रीहरू प्रयोग गरिरहनुभएको छ ? भन्ने प्रश्न गर्दै उहाँहरूले भनेका सामग्रीहरूको नाम टिपोट गर्दै छलफल गर्ने ।<br>• छलफलपश्चात् ब्रेलमा अध्ययनरत बालबालिकाहरूका लागि कक्षाकोठामा प्रयोग गरिने सामग्रीहरू जस्तो स्लेट, स्टाइलस, ब्रेल टाइपराइटर, ब्रेल कागत, कम्प्युटर (NVDA वा JAWS भएको), टेप रेकर्ड, Embossed Glob, Raised Writing Paper, Talking Calculator, Braille Books, मात्र नभएर स्पर्श गरेर वा सुँघेर थाहा पाउन सकिने जस्ता सामग्रीहरूबारे छलफल गर्दै ती सामग्रीहरू के कस्ता क्रियाकलापमा प्रयोग गर्न सकिन्छ भन्ने बारेसमेत छलफल गर्दै जानकारी गराउने ।<br>• सामग्री प्रयोग गर्दा अपनाउनुपर्ने सावधानी तथा तौरतरिकाहरूका बारेमा समेत सहजकर्ताले अन्तर्क्रियात्मक छलफल गर्दै जानकारी गराउने । | ८० मिनेट |

| | | |
|---|---|---|
| ३. | **स्थानीय रूपमा सङ्कलन तथा उपलब्ध स्रोत सामग्रीहरू र तिनको प्रयोग**<br>• सहभागीहरूलाई आवश्यकताअनुरूप समूह विभाजन गरेर समूहमा बस्न लगाउने ।<br>• प्रत्येक समूहलाई स्थानीय रूपमा के कस्ता सामग्रीहरू सङ्कलन गर्न सकिन्छ ? के कस्ता सामग्रीहरू बजारबाट खरिद गरेर प्रयोग गर्न सकिन्छ उक्त सामग्रीहरूको सूची बनाउन लगाउने ।<br>• प्रत्येक समूहबाट उक्त तयार गरेको सूची अनुरूप कुन सामग्री के कस्ता क्रियाकलापका लागि प्रयोग गर्न सकिन्छ ? भन्दै छलफल गर्न लगाउँदै सहभागीहरू सबैको सहभागिता हुनेगरी प्रस्तुति गर्न लगाउने र आवश्यकता अनुरूप सहजकर्ताले सहजीकरण गर्दै प्रष्ट हुन सहयोग गर्ने । | ८० मिनेट |
| ४. | **नमुना सामग्री निर्माण तथा त्यसको प्रयोग**<br>• सहजकर्ताले ब्रेलमा अध्ययनरत बालबालिकाहरूका लागि शैक्षणिक गतिविधिमा सहयोग पुग्ने र सहजरूपमा उपलब्ध स्रोतसामग्रीको प्रयोग गर्दै बनाउन सकिने सामग्रीहरूको नमुनाहरू केही बनाएर प्रदर्शन गर्ने । साथै उक्त सामग्री के कस्ता क्रियाकलापमा प्रयोग गर्न सकिन्छ त्यस बारेमा पनि सहजीकरण गर्ने ।<br>• उक्त नमुना सामग्रीको जानकारीपश्चात् सहभागीहरूलाई आवश्यकताअनुरूप समूहमा बस्न लगाउने ।<br>• प्रत्येक समूहलाई केही कच्चा पदार्थ वा स्रोतहरू उपलब्ध गराइदिने ।<br>• साथै समूहमा सहभागीहरूलाई स्रोत सामग्रीमा समेत अध्ययनसमेत गर्न लगाउने ।<br>• समूहमा छलफल गर्दै उपलब्ध स्रोतको प्रयोग गर्दै नेपाली विषयका लागि उपयुक्त हुने, गणितका लागि, अङ्ग्रेजीका लागि, हाम्रो सेरोफेरो विषयका लागि उपयुक्त हुने ( नेपालको नक्सा) र प्रयोग गर्न सकिने शैक्षिक सन्दर्भ सामग्री बनाउन लगाउने ।<br>• उक्त बनाइएका सामग्रीहरू सबै समूहलाई प्रदर्शन गर्न लगाउने ।<br>• उक्त प्रदर्शनमा राखिएका सामग्रीहरू एक अर्का समूहलाई अवलोकन गर्न लगाउने र उक्त सामग्री के कस्ता क्रियाकलापमा प्रयोग गर्न सकिन्छ सो बारेसमेत छलफल गर्न अनुरोध गर्ने ।<br>• साथै आवश्यकताअनुरूप सहजकर्ताले सहजीकरणमा मद्दत गर्दै प्रष्ट हुन सहयोग गर्ने । | १८० मिनेट |
| ५. | **प्रतिबिम्बन**<br>• केही सहभागीहरूलाई सामग्री बनाउँदाका अनुभव तथा अब कक्षाकोठामा गएर के के सामग्री बनाएर प्रयोग गर्न सक्नुहुन्छ होला ? भन्ने प्रश्न गर्दै उहाँहरूको सिकाइ र प्रतिबद्धताका बारेमा छलफल गर्दै सत्रको समीक्षा गर्ने । | १० मिनेट |

## १३ . निमेथ ब्रेलकोड परिचय, ब्रेल अङ्क, अङ्क सूचक, विराम चिह्नहरू, गणितीय सूचकहरू

**दिन: छैठौं** **सत्र: पहिलो र दोस्रो** **समय: १८० मिनेट**

### परिचय

निमेथ ब्रेलकोड (Nimeth Braille Code) अर्थात गणितीय ब्रेल अमेरिका निवासी निमेथ भन्ने व्यक्तिले कुनै पनि द्विविधा नहुने गरी गणितीय समस्याहरू समाधान गर्न विकसित गर्नुभएको थियो । यसै निमेथ ब्रेलकोड प्रयोग गरी अङ्कहरू लेख्नुका साथै ब्रेलमा गणितीय समस्या समाधान गर्नको लागि निमेथ ब्रेलकोड सिक्न आवश्यक हुने भएकोले यसै सेरोफेरोको साथै आवश्यक सूचक विराम र Symblo हरू समेत जानकारी हुनुपर्ने भएअनुसार यस सम्बन्धमा यस सत्रमा छलफल गरिने छ ।

**उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् ।

- निमेथ ब्रेलकोड (Nimeth Braille Code)तथा ब्रेलमा अङ्कहरू बताउन;
- ब्रेलमा विराम चिह्नहरू पहिचान गर्न;
- ब्रेलमा गणितीय चिह्नहरू बताउन ।

**विषयवस्तु**

- निमेथ ब्रेलकोड (Nimeth Braille Code) तथा ब्रेलमा अङ्कहरू;
- ब्रेलमा विराम चिह्नहरू;
- ब्रेलमा गणितसम्बन्धी चिह्नहरू (Symbol) ।

सामग्री

- मेटाकार्ड, बोर्ड, मार्कर,न्यूज प्रिन्ट, स्लेट, स्टाइलस तथा अन्य शैक्षणिक सामग्रीहरू

**सहजीकरण क्रियाकलाप**

| क्र.सं. | क्रियाकलाप | समय |
|---|---|---|
| १. | अन्तर्क्रियात्मक छलफलबाट विषयवस्तु, उद्देश्य र औचित्यबारे जानकारी गराउने । | १० मिनेट |
| २. | **निमेथ ब्रेलकोड (Nimeth Braille Code)**<br>• सहजकर्ताले निमेथ ब्रेलकोडमा अङ्कहरू, चिह्न तथा सूचकहरूका बारेमा सामान्य अन्तर्क्रियागर्दै यसबारेमा जानकारी गराउँदै सहजीकरण गर्ने ।<br>• छलफलपश्चात् सबै सहभागीहरूलाई कुनै अङ्क भनिदिने र मेटाकार्डमा श्रुतिलेखन गरेर एक अर्का सहभागीहरूलाई साटासाट गरेर मिलेनमिलेको छलफल गर्न लगाउने । छलफलअनुरूप सहजकर्ताले सहजीकरणमा सहयोग गर्ने ।<br>• साथैसहजकर्ताले विराम चिह्न, अङ्कसूचक , गणितीय र गणित सम्बन्धी अन्य चिह्नहरू न्यूज प्रिन्टमा लेखेर भित्तामा टाँस गरीदिने र सहभागीहरूलाई अवलोकन गर्न तथा कुनै सहभागीहरूलाई टाँस गरिएको विषयवस्तु छलफल गर्दै प्रस्तुत गर्न लगाउने र आवश्यकता अनुरूप सहजकर्ताले सहजीकरण गर्ने । | ४० मिनेट |
| ३. | **ब्रेल अङ्क, सूचक तथा चिह्नहरूमा अभ्यास**<br>• सहभागीहरूलाई ३ समूहमा विभाजन गर्ने ।<br>• पहिलो समूहले ब्रेल अङ्क, अङ्कको Upper cell & Lower cell विराम चिह्न, अङ्क सूचक, गणितसम्बन्धी चिह्नहरू मध्ये ५ ओटा, दोस्रो समूहलाई सोध्ने, दोस्रो समूहले यसै गरी तेस्रो समूहलाई समूह १ ले | १२० मिनेट |

| | | | |
|---|---|---|---|
| | नसमेटेका ५ वटा सोध्ने साथै तेस्रो समूहले पहिलो समूहलाई माथि जस्तै ५ वटा अङ्क÷चिह्नहरू ब्रेलमा भन्न लगाउँदै छलफल तथा प्रस्तुति गर्न लगाउने ।<br>• उक्त छलफलपश्चात् समूह १ ले ब्रेलमा अङ्कहरू दोस्रो समूहले २ ले विराम चिह्नहरू र समूह ३ ले गणितसम्बन्धी चिह्नहरू शिक्षणका लागि १०।१० मिनेटको नमुना शिक्षणको योजना बनाउन लगाउने ।<br>• उक्त नमुना शिक्षण योजनाअनुरूप नमुना शिक्षणसमेत गर्न लगाउने । नमुना शिक्षण गर्दा केही सहभागीहरूलाई विद्यार्थी केहीलाई अवलोकनकर्ताको भूमिका निर्वाह गर्न लगाउने ।<br>• नमुना शिक्षणपश्चात् नमुना शिक्षणका राम्रापक्षहरू र सुधारगर्नुपर्ने पक्षहरूबारे छलफलका लागि सहजीकरण गर्ने । | |
| ४. | **प्रतिबिम्बन**<br>• नमुना शिक्षण गर्ने सहभागीहरूलाई अनुभव सुनाउन लगाउँदै सत्रको समीक्षा गर्ने । | १० मिनेट |

# १४. ब्रेलमा क्रम सूचक, रोमन अङ्क र जोड

**दिनः छैठौं** | **सत्रः तेस्रो र चौथो** | **समयः १८० मिनेट**

## परिचय

ब्रेललिपिमा गणितीय समस्या समाधान गर्न क्रम सूचक, रोमन अङ्क र जोडको जानकारी हुन आवश्यक हुन्छ । यिनैको आधारमा ब्रेलमा गणितसम्बन्धी समस्या समाधान गरी आफ्नो ज्ञानलाई फराकिलो बनाउँदै प्रतिस्प्रधात्मक हुनको लागि दृष्टिविहीन बालबालिकाहरूलाई गणित पठनपाठन गर्न आवश्यक हुन्छ । तसर्थ यस सत्रमा ब्रेलमा क्रम सूचक, रोमन अङ्क र जोडका बारेमा छलफल गरिनेछ ।

### उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् ।

- ब्रेलमा क्रमसूचक बताउन;
- ब्रेलमा रोमन अङ्क (सानो र ठूलो) छुट्याउन;
- ब्रेलमा जोडको समस्या समाधान गर्न ।

### विषयवस्तु

- ब्रेलमा क्रमसूचक चिह्न;
- ब्रेलमा रोमन (सानो र ठूलो) अङ्क;
- ब्रेलमा जोड ।

### सामग्री

- मेटाकार्ड, बोर्ड, मार्कर,न्यूज प्रिन्ट, स्लेट, स्टाइलस तथा अन्य शैक्षणिक सामग्रीहरू

### सहजीकरण क्रियाकलाप

| क्र.सं. | क्रियाकलाप | समय |
|---|---|---|
| १. | अन्तर्क्रियात्मक छलफलबाट विषयवस्तु, उद्देश्य र औचित्यबारे जानकारी गराउने । | १० मिनेट |
| २. | **ब्रेलमा क्रम सूचक, रोमन अङ्क**<br>• सहभागीहरूलाई हाल तपाईंहरूले कक्षाकोठामा ब्रेलमा क्रम सूचक र रोमन अङ्क कसरी सिकाउँदै हुनुहुन्छ ? भनेर प्रश्न गर्दै छलफल गराउने ।<br>• छलफलसँगै सहजकर्ताले ब्रेलमा क्रम सूचक र रोमन अङ्कहरूका बारेमा तयार गरेको प्रस्तुति वा सहभागितात्मक क्रियाकलाप गराउँदै सहभागीहरूलाई प्रष्ट हुन सहजीकरण गर्ने ।<br>• छलफलपश्चात् प्रत्येक सहभागीहरूलाई मेटाकार्ड वितरण गर्ने र क्रम सूचक र रोमन अङ्कहरू ब्रेलमा लेख्न लगाई प्रस्तुत गर्न लगाउने । सहभागीहरूको प्रस्तुतिसँगै सहजकर्ताले आवश्यकता अनुरूप सहजीकरण गर्ने । | ७० मिनेट |

| | | |
|---|---|---|
| ३. | **जोड हिसाब**<br>• सहजर्ताले जोड हिसाब गर्दा ध्यानदिनुपर्ने कुराहरू तथा अपनाउन सकिने उपयुक्त विधि तथासामग्रीहरू , ठाडो र तेर्सो जोडका विधिहरू जस्ता विषयहरूमा अन्तर्क्रियात्मक छलफल गर्दै सहभागीहरूलाई प्रष्ट हुन सहजीकरण गर्ने ।<br>• छलफलपश्चात् सहभागीहरूलाई २ समूहमा विभाजन गर्ने ।<br>• समूह १ लाई सामान्य हात नलाग्ने ठाडो र तेर्सो जोडको, समूह २ लाई हात लाग्ने जोड शिक्षणका लागि १५ । १५ मिनेटको नमुना शिक्षण योजना बनाउन लगाउने ।<br>• उक्त योजनाअनुरूप प्रत्येक समूहबाट २ । २ जनालाई नमुना शिक्षण अभ्यास गर्न लगाउने ।<br>• नमुना शिक्षण गर्दा केही सहभागीहरूलाई विद्यार्थी केहीलाई अवलोकनकर्ताको भूमिका निर्वाह गर्न लगाउने ।<br>• नमुना शिक्षणपश्चात् नमुना शिक्षणका राम्रापक्षहरू र सुधार गर्नुपर्ने पक्षहरू बारे छलफलका लागि सहजीकरण गर्ने । | ९० मिनेट |
| ४. | **प्रतिबिम्बन**<br>सहभागीहरूलाई तलका नमुना प्रश्नहरू समाधान गरेर देखाउन लगाउँदै सत्रको समीक्षा गर्ने ।<br>· तलका क्रमसूचक अङ्कलाई ब्रेलमा रूपान्तरण गर्नुहोस् ।<br>1st, 5th, 9th<br>· स्लेट स्टाइलसको सहयोगले तलको रोमन अङ्कलाई ब्रेलमा उल्था गर्नुहोस् ।<br>i, ii, iii, iv, ix, x<br><br>III V VI VIII X<br>• तलको जोडलाई स्लेट स्टाइलसको मद्दतले समस्या समाधान गर्नुहोस् ।<br>1. 3<br>+5<br>8<br>2. 44 +7 = 51<br><br>3. 83<br>+ 5<br>—<br>88 | १० मिनेट |

# १५ . ब्रेलमा घटाउ, गुणन, भाग र साधारण भिन्न

**दिनः सातौं** **सत्रः पहिलो, दोस्रो, तेस्रो र चौथो** **समयः ३६० मिनेट**

## परिचय

दृष्टिविहीन बालबालिकाहरूको जीवन सञ्चालनको लागि ब्रेललिपिमा लेखपढ गर्नुपर्छ । यसै क्रममा उनीहरूले घटाउ, गुणन, भाग र भिन्नको सिकाइको पनि आवश्यकता पर्छ । यिनै सिकाइबाट आफ्नो जीवनलाई प्रतिस्पर्धी बनाई जीवनलाई सहज किसिमले सञ्चालन गर्न सकिन्छ । यसै कारणले ब्रेलमा घटाउ, गुणन, भाग र भिन्न सम्बन्धमा यस सत्रमा छलफल गरिने छ ।

**उद्देश्यः**

यस सत्रको अन्त्यमा सहभागीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् ।

- ब्रेलमा घटाउबारे बताउन तथा गरेर देखाउन;
- ब्रेलमा गुणन समस्या समाधानबारे बताउन तथा गरेर देखाउन;
- ब्रेलमा भागबारे बताउन तथा गर्न;
- ब्रेलमा साधारण भिन्नबारे बताउन र प्रदर्शन गर्न ।

**विषयवस्तुः**

- ब्रेलमा घटाउ;
- ब्रेलमा गुणन;
- ब्रेलमा भाग;
- ब्रेलमा साधारण भिन्न ।

**सामग्री**

- मेटाकार्ड, बोर्ड, मार्कर,न्यूज प्रिन्ट, स्लेट, स्टाइलस तथा अन्य शैक्षणिक सामग्रीहरू

**सहजीकरण क्रियाकलाप**

| क्र.सं. | क्रियाकलाप | समय |
|---|---|---|
| १. | अन्तर्क्रियात्मक छलफलबाट विषयवस्तु, उद्देश्य र औचित्यबारे जानकारी गराउने । | १० मिनेट |
| २. | **ब्रेलमा घटाउ**<br>• सहभागीहरूलाई तपाईंहरूले कक्षाकोठामा ब्रेलमा घटाउ कसरी सहजीकरण गरिरहनुभएको छ ? के कस्ता सामग्रीहरू प्रयोग गर्नुहुन्छ ? जस्ता प्रश्नहरू गर्दै छलफल सञ्चालन गर्ने ।<br>• छलफलसँगै सहजकर्ताले तयार गरेको प्रस्तुतिअनुरूप वा कुनै सहभागितात्मक क्रियाकलाप गराउँदै घटाउ गर्दा ध्यान पुऱ्याउनुपर्ने पक्षहरू, ठाडो र तेर्सो घटाउ गर्दा विचार गर्नुपर्ने कुराहरू, सामग्रीहरू जस्ता विषयबारे सहजीकरण गर्ने ।<br>• उक्त छलफलपश्चात् सहभागीहरूलाई २ समूहमा विभाजन गर्ने ।<br>• प्रत्येक समूहलाई १० । १० मिनेटको नमुना शिक्षण योजना बनाउन लगाउने ।<br>• उक्त योजनाअनुरूप प्रत्येक समूहबाट २ । २ जनालाई नमुना शिक्षण अभ्यास गर्न लगाउने ।<br>• नमुना शिक्षण गर्दा केही सहभागीहरूलाई विद्यार्थी केहीलाई अवलोकनकर्ताको भूमिका निर्वाह गर्न लगाउने ।<br>• नमुना शिक्षणपश्चात् नमुना शिक्षण गर्ने सहभागीहरूलाई उहाँहरूको अनुभव सुनाउन लगाउँदै राम्रापक्षहरू र सुधारगर्नुपर्ने पक्षहरूबारे छलफलका लागि सहजीकरण गर्ने । | ८० मिनेट |

| | | |
|---|---|---|
| ३. | **ब्रेलमा गुणन र भाग**<br>• सहभागीहरूलाई तपाईंहरूले कक्षाकोठामा ब्रेलमा गुणन र भागका क्रियाकलापहरू कसरी सहजीकरण गरिरहनुभएको छ ? के कस्ता सामग्रीहरू प्रयोग गर्नुहुन्छ ? जस्ता प्रश्नहरू गर्दै छलफल सञ्चालन गर्ने ।<br>• छलफलसँगै सहजकर्ताले तयार गरेको प्रस्तुति अनुरूप वा कुनै सहभागितात्मक क्रियाकलाप गराउँदै गुणन र भाग गर्दा ध्यान पुऱ्याउनुपर्ने पक्षहरू, ठाडो र तेर्सो गुणन तथा भाग गर्दा विचार गर्नुपर्ने कुराहरू, सामग्रीहरू जस्ता विषयबारे सहजीकरण गर्ने ।<br>• उक्त छलफलपश्चात् सहभागीहरूलाई ४ समूहमा विभाजन गर्ने । २ ओटा समूहलाई गुणन (ठाडो र तेर्सो) को र २ समूहलाई भाग (ठाडो र तेर्सो) मा हिसाब सिकाउनका लागि हरेक समूहलाई १० । १० मिनेटको नमुना शिक्षण योजना बनाउन लगाउने ।<br>• उक्त योजना अनुरूप प्रत्येक समूहबाट २ । २ जनालाई नमुना शिक्षण अभ्यास गर्न लगाउने ।<br>• नमुना शिक्षण गर्दा केही सहभागीहरूलाई विद्यार्थी केहीलाई अवलोकनकर्ताको भूमिका निर्वाह गर्न लगाउने ।<br>• नमुना शिक्षणपश्चात् नमुना शिक्षण गर्ने सहभागीहरूलाई उहाँहरूको अनुभव सुनाउन लगाउँदै राम्रापक्षहरू र सुधार गर्नुपर्ने पक्षहरूबारे छलफलका लागि सहजीकरण गर्ने । | १८० मिनेट |
| ४. | **ब्रेलमा भिन्न**<br>• सहभागीहरूलाई तपाईंहरूले कक्षाकोठामा ब्रेलमा भिन्न कसरी सहजीकरण गरिरहनुभएको छ ? के कस्ता सामग्रीहरू प्रयोग गर्नुहुन्छ ? जस्ता प्रश्नहरू गर्दै छलफल सञ्चालन गर्ने ।<br>• छलफलसँगै सहजकर्ताले तयार गरेको प्रस्तुतिअनुरूप वा कुनै सहभागीतात्मक क्रियाकलाप गराउँदै भिन्नगर्दा ध्यान पुऱ्याउनुपर्ने पक्षहरू, सामग्रीहरू जस्ता विषयबारे सहजीकरण गर्ने ।<br>• उक्त छलफलपश्चात् सहभागीहरूलाई २ समूहमा विभाजन गर्ने ।<br>• प्रत्येक समूहलाई १० । १० मिनेटको नमुना शिक्षण योजना बनाउन लगाउने ।<br>• उक्त योजनाअनुरूप प्रत्येक समूहबाट २ । २ जनालाई नमुना शिक्षण अभ्यास गर्न लगाउने ।<br>• नमुना शिक्षण गर्दा केही सहभागीहरूलाई विद्यार्थी केहीलाई अवलोकनकर्ताको भूमिका निर्वाह गर्न लगाउने ।<br>• नमुना शिक्षणपश्चात् नमुना शिक्षण गर्ने सहभागीहरूलाई उहाँहरूको अनुभव सुनाउन लगाउँदै राम्रा पक्षहरू र सुधार गर्नुपर्ने पक्षहरूबारे छलफलका लागि सहजीकरण गर्ने । | ८० मिनेट |
| ५. | **प्रतिबिम्बन**<br>• तलका नमुना प्रश्नहरू फरक फरक सहभागीहरूलाई समाधान गरेर प्रस्तुत गर्न लगाउँदै सत्रको समीक्षा गर्ने ।<br>• १)<br>    ७६५३<br>+ ५७५५<br>• २)<br>    ५३३<br>X १३<br>• ३) | १० मिनेट |

<table>
<tr>
<td></td>
<td>
<table>
<tr><td></td><td>१३) ७८ (६<br>७८</td></tr>
<tr><td></td><td>X</td></tr>
</table>
<br>
• ४. ब्रेलमा उल्था गर्नुहोस्<br>
क) ६५२-२२ = ६१३, ख) २३४ X १५ = ३५१०<br>
ग) १ घ) ३ + ५<br>
२ ५ ७
</td>
<td></td>
</tr>
</table>

# १६. न्यून दृष्टि एवम् दृष्टिविहीन व्यक्तिहरूका लागि विभिन्न प्रविधिहरू

**दिनः आठौं** **सत्रः पहिलो, दोस्रो र तेस्रो** **समयः २७० मिनेट**

## परिचय

कुनै व्यक्ति औषधी, शल्यचिकित्सा तथा चश्मा प्रयोग जस्ता उपचारबाट पनि २० फीटको दुरीबाट हालतका औंला छुट्याउन सक्दैनन् वा स्नेलेन चार्टको चौथो लाइनको अक्षर (६÷१८) पढ्न सक्दैनन् भने त्यस्तो व्यक्तिलाई न्यून दृष्टि व्यक्ति भनिन्छ । न्यून दृष्टियुक्त व्यक्तिको सङ्ख्या दृष्टिविहीनको तुलनामा तीन गुणा बढी हुने अनुमान गरिएको छ । न्यून दृष्टियुक्ति बालबालिकाहरूलाई पनि पठनपाठनको अवसर उपलब्ध गराउनुपर्छ जसको लागि दृष्टिविहीन बालबालिकाहरूको शिक्षा भन्दा केही फरक पद्धतिबाट पढाइमा सरिक गराउनुपर्छ । यसै प्रकार दृष्टिविहीन व्यक्तिहरूको शिक्षाको उन्नयनको लागि विभिन्न किसिमका प्रविधिलाई पनि सँगसँगै लैजानुपर्छ । तसर्थ यस सत्रमा न्यूनदृष्टि तथा ती बालबालिकाहरूको सिकाइ व्यवस्थापनका साथै दृष्टिविहीन व्यक्तिहरूको शिक्षाको उन्नयनको लागि विभिन्न किसिमका प्रविधिलाई अवलम्बन गर्नुपर्ने कुरामा केन्द्रित रहेर छलफल गरिने छ ।

### उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् ।

- न्यूनदृष्टि बारे बताउन;
- न्यूनदृष्टियुक्ति बालबालिकाको लागि उपकरण र यसको प्रयोग बारे बताउन;
- दृष्टि क्षमतामा ह्रासको कारणहरूबारे बताउन;
- न्यूनदृष्टियुक्त विद्यार्थीहरूको लागि सहयोग र कक्षा व्यवस्थापन गर्न;
- दृष्टिविहीनव्यक्तिहरूले प्रयोग गर्ने विभिन्न प्रविधि बारे बताउन ।

### विषयवस्तु

- न्यूनदृष्टि;
- न्यूनदृष्टियुक्त बालबालिकाको लागि उपकरण तथा यसको प्रयोग;
- दृष्टि क्षमतामा ह्रास र यसको कारण;
- न्यूनदृष्टियुक्त बालबालिकाहरूको लागि कक्षाकोठा तथा सिकाइ व्यवस्थापन;
- दृष्टिविहीन व्यक्तिहरूले प्रयोग गर्ने विभिन्न प्रविधि ।

### सामग्री

- मेटाकार्ड, बोर्ड, मार्कर, न्यूनदृष्टिका उपकरणहरू तथा पाठपत्र

### सहजीकरण क्रियाकलाप

| क्र.सं. | क्रियाकलाप | समय |
|---|---|---|
| १. | अन्तर्क्रियात्मक छलफलबाट विषयवस्तु, उद्देश्य र औचित्यबारे जानकारी गराउने । | १० मिनेट |
| २. | **न्यूनदृष्टि**<br>• सहभागीहरूलाई न्यूनदृष्टि भनेको कस्तो अवस्था वा के होला भनेर प्रश्न गर्ने र यस बारेमा प्रत्येक सहभागीहरूलाई मेटाकार्ड वा ब्रेल पेपरमा लेख्न लगाउने । उक्त लेखिएका कुराहरू एक अर्कालाई सुनाउन लगाउने र केही सहभागीहरूलाई सुनाउन समेत लगाउने ।<br>• उक्त छलफलपश्चात् सहजकर्ताले न्यूनदृष्टि भनेको के हो ? यसको वर्गीकरण तथा अवस्थाहरू, कक्षाकोठामा न्यूनदृष्टियुक्त बालबालिकाहरूको सङ्ख्या तथा ती बालबालिकाहरूको | ५० मिनेट |

| | | |
|---|---|---|
| | व्यवस्थापन तथा आवश्यकताअनुरूप रेफरल सेवा, जस्ता विषयहरूमा अन्तर्क्रियात्मक छलफल तथा तयार गरेको प्रस्तुतिअनुरूप सहभागीहरूलाई जानकारी गराउने । | |
| ३. | **दृष्टि क्षमतामा ह्रास र यसको कारण**<br>• सहजकर्ताले दृष्टि क्षमतामा ह्रास र यसको कारण के के हुन सक्छन् होला भनेर प्रश्न गर्ने र सहभागीहरूबाट आएका कुराहरूलाई टिपोट गर्दै अन्तर्क्रिया सञ्चालन गर्ने ।<br>• अन्तर्क्रियासँगै सहजकर्ताले तयार गरेको प्रस्तुति वा सामग्रीका माध्यमबाट दृष्टि क्षमतामा ह्रास र यसको कारणहरू सहभागीहरूलाई प्रष्ट हुन सहजीकरण गर्ने । | ५० मिनेट |
| ४. | **न्यूनदृष्टियुक्त बालबालिकाको लागि उपकरण र यसको प्रयोग तथा प्रविधिहरू**<br>• सहभागीहरूलाई जोडीमा बस्न लगाउने ।<br>• प्रत्येक जोडीलाई हाल तपाईंहरूले कक्षाकोठामा वा न्यूनदृष्टियुक्त बालबालिकाको लागि उपकरण र यसको प्रयोग तथा प्रविधिहरू के कस्ता हुँदा रहेछन् ? यस बारेमा छलफल गर्दै मेटाकार्डमा वा ब्रेलमा टिपोट गर्न लगाएर सुनाउन लगाउने । साथै छलफल अन्तर्क्रियात्मक बनाउन सहजकर्ताले सहजीकरण गर्ने ।<br>• उक्त छलफलपश्चात् प्रत्येक जोडीलाई एक जनालाई समूह १ मा र अर्को जनालाई समूह २ मा बस्न लगाउने ।<br>• समूह १ लाई न्यूनदृष्टियुक्त बालबालिकाको लागि उपयुक्त हुने उपकरण र यसको प्रयोगसम्बन्धी र समूह २ लाई न्यूनदृष्टियुक्त बालबालिकाको लागि उपयुक्त हुने प्रविधि र यसको प्रयोगसम्बन्धी स्रोत पुस्तिकामा भएको सम्बन्धित पाठपत्र अध्ययन गर्न लगाउने ।<br>• अध्ययन तथा छलफलसँगै सहभागीहरूलाई टिपोट गर्दै प्रस्तुति तयार गर्न लगाई दुवै समूहलाई प्रस्तुतिसमेत गर्न लगाउने ।<br>• प्रस्तुतिसँगै आवश्यकताअनुरूप सहजकर्ताले सहजीकरणमा सहयोग गर्दै प्रष्ट हुन सहयोग गर्ने । | ९० मिनेट |
| ५. | **न्यूनदृष्टियुक्त बालबालिकाहरूको लागि कक्षाकोठा व्यवस्थापन**<br>• सहभागीहरूलाई २ समूहमा विभाजन गर्ने ।<br>• दुवै समूहहरूलाईं न्यूनदृष्टियुक्त बालबालिकाहरूको लागि कक्षाकोठा तथा समग्र सिकाइ व्यवस्थापन गर्दा के कस्ता पक्षहरू व्यवस्थापन गर्न जरुरी हुन्छ होला ? भन्ने विषयमा समूहमा छलफल गर्न लगाउने । छलफल गर्दा स्रोत सामग्री तथा सहभागीहरूको अभ्यास वा अनुभवलाई समेत अध्ययन तथा छलफल गर्दै मुख्यमुख्य बुँदाहरू टिपोट गर्न लगाउने ।<br>• उक्त टिपोट गरिएका बुँदाहरू पालैपालो दुवै समूहलाई प्रस्तुत गर्न लगाउने । प्रस्तुति गर्दै गर्दा यी क्षेत्रहरूमध्ये तपाईंहरूको कक्षाकोठामा केके कुराहरू व्यवस्थापन गर्नुपर्ने छ ? यसबारेमा समेत छलफल र प्रस्तुतिसँगै अन्तरक्रिया तथा छलफल गर्न लगाउने र प्रष्टताका लागि सहजकर्ताले समहजीकरण गर्ने ।<br>• दृष्टिविहीन व्यक्तिहरूले प्रयोग गर्ने विभिन्न प्रविधिबारे छलफल गर्दै त्यस्ता सामग्रीहरूको सूची तयार पार्न लगाईप्रस्तुत गर्न लगाउँने । | ६० मिनेट |
| ६. | **प्रतिबिम्बन**<br>तलका नमुना प्रश्नहरू सहभागीहरूलाई सोध्दै सत्रको समीक्षा गर्ने ।<br>१.न्यूनदृष्टि भनेको कस्तो अवस्था वा यसका प्रकारहरू के कस्ता रहेछन् ?<br>२. न्यूनदृष्टियुक्त बाबालिकाहरूले प्रयोग गर्ने कुनै ५ ओटा उपकरणहरू र त्यसका प्रयोग बारे बताउनुहोस् ।<br>३. न्यूनदृष्टियुक्त बाबालिकाहरूका लागि उपयुक्त प्रविधिहरू के के हुँदारहेछन् ?<br>४. दृष्टि क्षमतामा ह्रास हुनुका कारण तथा यसका के कस्ता किसिमहरू रहेछन् ? | १० मिनेट |

| | | |
|---|---|---|
| | ५. न्यूनदृष्टियुक्त बालबालिकाहरूको लागि कक्षाकोठा व्यवस्थापनमा तपाईंले अब गएर के के कुराहरू व्यवस्थापन गर्नुपर्ने छ र के के व्यवस्थापन गर्नुहुन्छ ?<br>६. दृष्टिविहीन व्यक्तिहरूले प्रयोग गर्ने के के प्रविधि हुन सक्छन् ? | |

# १७ . घडीको धारणा

**दिनः आठौं** **सत्रः चौथो** **समयः ९० मिनेट**

## परिचय

दृष्टिविहीन बालवालिकाहरूलाई खाना पस्केपछि कुन कुन खानेकुराहरू कुन कुन स्थानमा छन् सो कुरा जानकारी हुन आवश्यक हुन्छ । यसको लागि घडीको धारणा (Clock Concept) को ज्ञान दिनुपर्छ । घडीको धारणाको ज्ञानले दृष्टिविहीन व्यक्तिहरूलाई उपयुक्त तरिकाले खाना खानको साथै गमनशीलताको लागि समेत ज्ञान दिने भएकोले यस सम्बन्धमा घडीलाई देखाउँदै छलफल गरिने छ ।

**उद्देश्य**

यस सत्रको अन्त्यमा सहभागीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् ।

- घडीको धारणाको सही ज्ञानले सहज किसिमले खाना खान र सहज गमनशीलताबारे बताउन ।

**विषयवस्तु**

- घडीको धारणा तथा प्रक्रिया ।

**सामग्री**

- मेटाकार्ड, बोर्ड, मार्कर, भित्ते घडी, स्लेट, स्टाइलस,

**सहजीकरण क्रियाकलाप**

| क्र.सं. | क्रियाकलाप | समय |
|---|---|---|
| १. | अन्तक्रियात्मक छलफलबाट विषयवस्तु, उद्देश्य र औचित्यबारे जानकारी गराउने । | १० मिनेट |
| २. | **घडीको धारणा**<br>• सहजकर्ताले घडीको अवधारणा भनेको के हो ? यस अवधारणालाई के कस्ता क्रियाकलाप (जस्तो खानपिन गर्दा, हिँडडुल गर्दा) गर्दा अपनाउन सकिन्छ ? साथै यस अवधाराणाका के कस्ता फाइदाहरू हुन्छन् ? भन्ने बारे प्रस्तुति वा अन्तर्क्रिया गर्दै जानकारी गराउने ।<br>• जनकारीपश्चात् सहभागीहरूलाई २ समूहमा विभाजन गर्ने ।<br>• प्रत्येक समूहलाई एउटा एउटा भित्ते घडी दिने ।<br>• दुवै समूहलाई उक्त घडीको ६ बजेलाई आफूतिर पर्ने गरी राख्ने, यसरी राख्दा घडीको बाँयातर्फ ९, दाँयातर्फ ३ र सिधै अगाडि १२ पर्ने गरी राख्न निर्देशन दिने ।<br>• यसरी राखेपश्चात् समूह १ लाई ४ वटा खानाका परिकारहरू मेटाकार्डमा लेखेर उक्त घडीले देखाएको ४ स्थानमा राख्न लगाउने र सोही अनुरूप समूह २ लाई पनि लेखेर राख्न लगाउने ।<br>• यसरी एक अर्का समूहका सहभागीहरूलाई सोध्दै अभ्यास १२ मा के छ ? ९ मा के छ ? ३ मा के छ ? ६ मा के छ ? भन्दै कुनै कुनै पुनः फरक स्थानमा राखेरसमेत अभ्यास गर्न लगाउने ।<br>• साथै छलफल तथा अभ्यास गर्दै गर्दा आवश्यकता अनुरूप सहजकर्ताले सहजीकरणमा सहयोग गर्ने । | ७० मिनेट |

| | | |
|---|---|---|
| ३. | **प्रतिबिम्बन**<br>तलका नमुना प्रश्नहरू सहभागीहरूलाई सोध्दै सत्रको समीक्षा गर्ने ।<br>• दृष्टिविहीन व्यक्तिहरूले खाना खाएको देख्नु भएको होला । घडीको धारणा अनुरूप खाना खान सहजीकरण गर्दा के के फाइदा हुन्छ होला ?<br>• कुनै २ जना सहभागीहरूलाई दृष्टविहीन बालबालिकाहरूलाई तपाईंको विद्यालयको प्रधानाध्यापकको कोठाबाट ३ कक्षाभित्र प्रवेश गर्न घडीको धारणाको माध्यमबाट सहजीकरण गरेको अभ्यास गरेर देखाउन लगाउनुहोस् । | १० मिनेट |

# १८ . अभिमखीकरणको ज्ञान एवम् हड्डुल

**दिन: नवौं** **सत्र: पहिलो, दोस्रो र तेस्रो** **समय: २७० मिनेट**

## परिचय

दृष्टिविहीन बालबालिकाहरू कुन ठाउँमा कुन अवस्थामा छु भन्ने बारे जानकारी हुन आवश्यक हुन्छ । यस्तै आफूलाई इच्छा लागेको ठाउँ जानको साथै आफ्नो दैनिक जीवनका क्रियाकलापहरू पनि आफै सम्पन्न गर्नुपर्ने हुन्छ । अत: यस सत्रमा अभिमुखीकरण तथा हिँडडुल जस्ता विषय केन्द्रित रहेर छलफल गरिने छ ।

### उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् ।

- अभिमुखीकरणको अवधारणा तथा अभ्यास गरेर देखाउन;
- हिँडडुलको अवधारणा तथा अभ्यास गरेर देखाउन;
- दैनिक जीवनका कामहरू तथा अभ्यास गरेर देखाउन ।

### विषयवस्तु

- अभिमुखीकरणको अवधारण तथा अभ्यास;
- हिँडडुलको अवधारणा तथा अभ्यास;
- दैनिक जीवनका कामहरू तथा अभ्यास ।

### सामग्री

- मेटाकार्ड, बोर्ड, मार्कर, न्यूज प्रिन्ट, बाल्टिन, ब्रेल पेपर, सलेट स्टाइलस, कपडाहरू आदि

### सहजीकरण क्रियाकलाप

| क्र.सं. | क्रियाकलाप | समय |
|---|---|---|
| १. | अन्तर्क्रियात्मक छलफलबाट विषयवस्तु, उद्देश्य र औचित्यबारे जानकारी गराउने । | १० मिनेट |
| २. | **अभिमुखीकरण**<br>• सहहभागीहरूलाई जोडीमा बस्न लगाउने ।<br>• प्रत्येक जोडीलाई अभिमुखीकरण भनेको के हो ? यस बारे के कस्ता कुराहरू पर्दछन् ? भन्ने प्रश्न गर्ने र यस बारे छलफल गर्दै मेटाकार्डमा लेखेर प्रस्तुत गर्न लगाउने ।<br>• सहभागीहरूको प्रस्तुतिपश्चात् सहजकर्ताले तयार गरेको अभिमुखीकरणको प्रस्तुति अन्तर्क्रिया गर्दै जानकारी गराउने ।<br>• जानकारीपश्चात् कुनै ४ जना सहभागीहरू छनौट गर्ने ।<br>• उक्त छनौट भएका मध्ये २ जनालाई नयाँ भर्ना भएको दृष्टिविहीन विद्यार्थीको अभिनय गर्न लगाउने र २ जना सहभागीहरूलाई पालैपालो उक्त नयाँ विद्यार्थीलाई अभिमुखीकरणको अभ्यास गरेर देखाउन लगाउने ।<br>• अभिनय तथा अभ्यास गर्दै गर्दा छलफल तथा अन्तर्क्रियासमेत गराउँदै सहजकर्ताले सहजीकरण गर्ने । | ८० मिनेट |

| | | |
|---|---|---|
| ३. | **हिँडडुल**<br>• सजहकर्तालेे हिँडडुल के हो ? भन्ने प्रश्नहरू गर्ने र प्रत्येक सहभागीहरूलाई मेटाकार्डमा लेखेर सुनाउन लगाउने ।<br>• सहभागीहरूको भनाइसँगै सहजकर्तालेे तयार गरेको प्रस्तुतिअनुरूप हिँडडुल के हो ? यसका प्रकारहरू के कस्ता रहेकाछन्, हिँडडूलको आवश्यकताबारे सहभागीहरूलाई प्रस्तुतिअनुरूप जानकारी गराउने ।<br>• सजकर्ताको प्रस्तुतिपश्चात् केही सहभागीहरू छनौट गर्ने ।<br>• उक्त छनौट भएका सहभागीहरूलाई हिँडडुलका विषय केन्द्रित जस्तो धाराबाट पानी भरेर लिएर आउने, पुस्तक पसलबाट ब्रेल पेपर र स्लेट स्टाइलस किनेर ल्याउन लगाउने, सुत्ने कोठामा गएर आफ्नो कपडा लिएर आउन लगाउने जस्ता अभिनय वा अभ्यास गर्न लगाउने । साथै अभ्यास गर्दा सोहीअनुरूप सहजीकरणमा आवश्यकताबमोजिम सहजीकरण वा छलफल गर्न मद्दत गर्ने । | ८० मिनेट |
| ४. | **दैनिक जीवनका क्रियाकलाप**<br>• सहभागीहरूलाई तपाईंहरूले दृष्टिविहीन बालबालिकाहरूले दैनिक गर्नुपर्ने विभिन्न क्रियाकलाप के के हुन्, र कसरी गर्नुपर्छ ? जस्ता प्रश्नहरू गर्दै छलफल सञ्चालन गर्ने ।<br>• छलफलसँगै सहजकर्तालेे तयार गरेको प्रस्तुतिअनुरूप सहभागितात्मक क्रियाकलाप गराउँदै दैनिक जीवनका क्रियाकलापहरूबारे प्रष्ट हुन सहयोग गर्ने ।<br>• छलफलपश्चात् कुनै ५ जना सहभागीहरू छनौट गर्ने ।<br>• उक्त छनौट भएका सहभागीहरूलाई दृष्टिविहीन बालबालिकाहरूले दैनिक गर्नुपर्ने विभिन्न क्रियाकलापहरू जस्तो ब्रस तथा हातमुख धुने काम, चिया पकाउने काम, कपडा वा ड्रेस लगाउने काम, कोठा सरसफाइको काम, खाना खाइसकेपश्चात् भाँडा धुने काम वा कुनै सामग्रीहरू खोजेर ल्याउने काम जस्ता शीर्षकअनुरूप अभिनय वा अभ्यास गरेर देखाउन लगाउने ।<br>• सहजकर्तालेे उक्त अभिनय वा अभ्यास सँगसँगै आवश्यकताअनुरूप छलफल तथा सहजीकरणमा सहयोग गर्ने । | ९० मिनेट |
| ५. | **प्रतिबिम्बन**<br>तलका नमुना प्रश्नहरू फरक फरक सहभागीहरूलाई सोध्दै सत्रको समीक्षा गर्ने ।<br>• अभिमुखीकरण भनेको के रहेछ ?<br>• अभिमुखीकरण को महत्त्व के होला ?<br>• हिडडुलका प्रकारहरू के के हुन् ?<br>• दैनिक जीवनका क्रियाकलाप के के हुन् ? | १० मिनेट |

# १९ . अपाङ्गतामैत्री र बालमैत्री वातावरण

**दिनः नवौं** **सत्रः चौथो** **समयः ९० मिनेट**

## परिचय

शैक्षिक गतिविधि उल्लेखनीय प्रगति पथमा हिँडाउनको लागि त्यहाँको वातावरण सकारात्मक र मैत्री हुनु आवश्यक हुन्छ । बालबालिकाहरूको गुणस्तरीय सिकाइ सुनिश्चितताका लागि अपाङ्गतामैत्री तथा बालमैत्री वातावरण अपरिहार्य हुन्छ । यसको लागि भौतिक व्यवस्थापन तथा मैत्रीपूर्ण वातावरण बनाउन शिक्षक तथा अन्य सरोकारवालाहरूको समेत महत्त्वपूर्ण जिम्मेवारी रहन्छ । मैत्रीपूर्ण वातावरणमा गरिने सिकाइले मात्र बालबालिकाहरूको आवश्यकताअनुरूपका समस्या तथा रुचि, क्षमता तथा सिकाइ सम्बोधन गर्न सक्दछ । तसर्थ यस सत्रमा अपाङ्गतामैत्री तथा बालमैत्री वातावरण केन्द्रित छलफल गरिनेछ ।

### उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् ।

- बालमैत्री तथा अपाङ्गतामैत्री वातावरण सिर्जना गर्ने तौरतरिकाहरूमा परिचित हुन ।

### विषयवस्तु

- बालमैत्री तथा अपाङ्गतामैत्री वातावरण ।

### सामग्री

- बोर्ड, मार्कर, मेटाकार्ड, पाठपत्र, न्यूजप्रिन्ट

### सहजीकरण क्रियाकलाप

| क्र.सं. | क्रियाकलाप | समय |
|---|---|---|
| १. | अन्तर्क्रियात्मक छलफलबाट विषयवस्तु, उद्देश्य र औचित्यबारे जानकारी गराउने । | १० मिनेट |
| २. | **बालमैत्री तथा अपाङ्गतामैत्री वातावरण**<br>• सहभागीहरूलाई ३ समूहमा विभाजन गर्ने ।<br>• प्रत्येक समूहलाई बालमैत्री तथा अपाङ्गतामैत्री वातावरणसम्बन्धी पाठपत्र वितरण गर्ने ।<br>• समूह १ लाई बालमैत्री वातावरण र समूह २ लाई अपाङ्गतामैत्री वातावरण र समूह ३ लाई दृष्टिविहीन तथा न्यूनदृष्टिविहीन बालबालिकाहरूका लागि उपयुक्त वातावरणका लागि के कस्ता व्यवस्थापनका कार्यहरू पर्दछन्? भन्ने विषयबारे पाठपत्र अध्ययन तथा अनुभव बारे गर्दै छलफल तथा बुँदाहरू टिपोट गर्न लगाउने ।<br>• उक्त टिपोट गरिएका बुँदाहरू प्रस्तुति गर्न लगाउने ।<br>• छलफलसँगै विषय केन्द्रित प्रस्तुति तयार गर्न लगाई प्रस्तुत गर्न लगाउने ।<br>• प्रस्तुतिसँगै आवश्यकताअनुरूप सहजकर्ताले सहजीकरण गर्ने । | ७० मिनेट |
| ३. | **प्रतिबिम्बन**<br>तलका नमुना प्रश्नहरू गर्दै सत्रको समीक्षा गर्ने ।<br>• विद्यालय बालमैत्री तथा अपाङ्गतामैत्री हुनका लागि कस्तो हुनुपर्ने रहेछ ?<br>• दृष्टिविहीन तथा न्यूनदृष्टिविहीन बालबालिकाहरूका लागि उपयुक्त वातावरणका लागि के कस्ता व्यवस्थापनका कार्यहरू रहेछन् ? | १० मिनेट |

# २०. अतिरिक्त क्रियाकलाप

**दिनः दशौं** **सत्रः पहिलो, दोस्रो र तेस्रो** **समयः २७०**

## परिचय

विद्यालयीय पठनपाठनको साथसाथै एउटा बालकको चौतर्फी विकासको लागि अतिरिक्त क्रियाकलाप उत्तिकै आवश्यक क्षेत्र हो । दृष्टिविहीन बालबालिकाको शारीरिक र मानसिक विकासको लागि अतिरिक्त क्रियाकलापअन्तर्गत खेलकूद, सङ्गीत, हाजिर जवाफ जस्ता क्रियाकलापहरू उत्तिकै उपयोगी हुन्छन् । तसर्थ यस सत्रमा दृष्टिविहीन बालबालिकाहरूका लागि उपयोगी हुने अतिरिक्त क्रियाकलापहरूमा केन्द्रित भई छलफल गरिने छ ।

### उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् ।

- स्किपिङ, हण्डिफोर, मुसो बिरालो खेल खेल्न;
- डोरी तान्ने, तातोआलु, ताली पिट्ने खेल खेल्न;
- जोर कि विजोर, हाइजम्प, लङजम्प खेल खेल्न;
- दौड र बलका विभिन्न खेल खेल्न;
- सङ्गीत र नृत्यको उपयोगिता बारे बताउन;
- नक्कल गरी बोल्न र नाटक खेल्न ।

### विषयवस्तु

- स्किपिङ, हण्डिफोर, मुसो बिरालो खेल;
- डोरी तान्ने, तातो आलु, ताली पिट्ने खेल;
- जोर कि विजोर, हाइजम्प, लङजम्प खेल;
- दौड र बलका विभिन्न खेल;
- सङ्गीत र नृत्यको उपयोगिता;
- नक्कल गरी बोल्न र नाटक खेल्न ।

### सामग्री

- बोर्ड मार्कर, पेपर, मेटाकार्ड, स्किपिङ, हण्डी दण्डी रुमाल, ५० मी. प्लाष्टिकको डोरी, एकएक फिटका ३ वटा आधा इन्च मोटाइका पाइप, बल, पत्ती, सुलोसन, भटमासका गेडा १ पाउ तथा खेलसँग सम्बन्धित सामग्रीहरू

**सहजीकरण क्रियाकलाप**

| क्र.सं. | क्रियाकलाप | समय |
|---|---|---|
| १. | अन्तर्क्रियात्मक छलफलबाट विषयवस्तु, उद्देश्य र औचित्यबारे जानकारी गराउने । | १० मिनेट |
| २. | **अतिरिक्त क्रियाकलाप**<br>• सहभागीहरूलाई ४ समूहमा विभाजन गर्ने ।<br>• प्रत्येक समूहलाई खेलहरू र खेलका नियमहरू लेखेर दिने ।<br>समूह १ - स्किपिङ, हण्डिफोर, मुसो बिरालो खेल र नियम<br>समूह २ - डोरी तान्ने, तातो आलु, ताली पिट्ने खेल र नियम<br>समूह ३ - जोर कि विजोर, हाइजम्प, लङजम्प खेल र नियम<br>समूह ४ - दौड र बलका विभिन्न खेल र नियम<br>• उक्त खेलहरू नियमानुसार दृष्टिविहीन बालबालिकाहरूको अभिनय वा अभ्यास अनुरूप समूहमा छलफल गर्दै उक्त खेल खेलेर देखाउन वा अभ्यास गरेर देखाउन लगाउने ।<br>• खेल खेल्दा अन्य समूहका सहभागीहरूको सहभागितासमेत गराउन सकिने जानकारी गराउने ।<br>• साथै खेल खेल्दा आवश्यकताअनुरूप छलफल अन्तर्क्रिया तथा सहजीकरणमा सहजकर्ताले मद्दत गर्ने । | १६० मिनेट |
| ३. | **सङ्गीत र नृत्य तथा नक्कल गरी बोल्न र नाटक**<br>• सहभागीहरूलाई २ समूहमा विभाजन गर्ने ।<br>• समूह १ लाई दृष्टिविहीन बालबालिकाहरूका लागि सङ्गीत र नृत्य क्रियाकलापको महत्त्व छलफल गरेर बताउन लगाउने र सोहीअनुरूप एउटा साङ्गीतिक नृत्य प्रस्तुत गर्न लगाउने ।<br>• समूह २ लाई कुनै व्यक्तित्वहरूको नक्कल गरी बोल्न र एउटा दृष्टिविहीन व्यक्तिहरूले गरेको छोटो नाटक प्रदर्शन गर्न लगाउने ।<br>• सहजकर्ताले अवाश्यकताअनुरूप छलफल तथा सहजीकरणमा मद्दत गर्ने । | ९० मिनेट |
| ४. | **प्रतिबिम्बन**<br>तलका नमुना प्रश्नहरू गर्दै सत्रको समीक्षा गर्ने ।<br>• सहभागीहरूलाई समूहमा गरेका कार्यहरूको अनुभव सुनाउन लगाउने ।<br>• यहाँ गरिएका अतिरिक्त क्रियाकलापहरू कक्षाकोठामा तथा बाहिर गर्न सकिन्छ कि सकिँदैन होला ? | १० मिनेट |

# २१. सूक्ष्म शिक्षण

**दिन: दशौं** **सत्र: चौथो** **समय: ९० मिनेट**

## परिचय

शिक्षक विद्यार्थीलाई वास्तविक कक्षाको लागि तयार पार्ने प्रक्रियालाई सूक्ष्म शिक्षण भनिन्छ । यसलाई कक्षामा पढाउनुपूर्वको तयारी कक्षाको रूपमा पनि लिन सकिन्छ जसमा विद्यार्थीको सङ्ख्या सानो हुनुका साथै एउटा सीपमा प्रवीण बनाउने प्रयास गरिन्छ ।

### उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरूले निम्न कार्यहरू गर्न सक्षम हुनेछन् ।

- सूक्ष्म शिक्षण तथा यसका चक्रहरू बताउन;
- सूक्ष्म शिक्षण योजना बनाएर सोही अनुरूप सूक्ष्म शिक्षण प्रदर्शन गर्न ।

### विषयवस्तु

- सूक्ष्म शिक्षणको धारणा तथा यसको चक्र;
- सूक्ष्म शिक्षण योजना निर्माण तथा अभ्यास ।

### सामग्री

- बोर्ड मार्कर, पेपर, मेटाकार्ड तथा अन्य शैक्षणिक सामग्रीहरू

### सहजीकरण अन्तर्क्रिया

| क्र.सं. | क्रियाकलाप | समय |
|---|---|---|
| १. | अन्तर्क्रियात्मक छलफलबाट विषयवस्तु, उद्देश्य र औचित्य बारे जानकारी गराउने । | १० मिनेट |
| २. | **सूक्ष्म शिक्षणको धारणा तथा यसको चक्र**<br>• सहजकर्ताले सहभागीहरूलाई ३ समूहमा विभाजन गर्ने ।<br>• ३ ओटै समूहमा सूक्ष्म शिक्षणबारे स्रोत पुस्तिकामा अध्ययन गर्न तथा छलफल गर्न लगाउने ।<br>• उक्त छलफल तथा अध्ययनपश्चात् प्रत्येक समूहलाई तलका विषय केन्द्रित १० । १० मिनेटको सूक्ष्म शिक्षण योजना बनाउन लगाउने । उक्त योजनाबमोजिम केही सहभागीहरूलाई सूक्ष्म शिक्षण प्रदर्शन गरेर देखाउन लगाउने ।<br>• समूह १ ले नेपाली विषय केन्द्रित, समूह २ ले गणित र समूह ३ ले अङ्ग्रेजी विषय केन्द्रित योजना बनाई नमुना सूक्ष्म शिक्षण गर्न प्रोत्साहित गर्ने ।<br>• नमुना शिक्षण गर्दा केही सहभागीहरूलाई विद्यार्थी केहीलाई अवलोकनकर्ताको भूमिका निर्वाह गर्न लगाउने ।<br>• नमुना शिक्षणपश्चात् नमुना शिक्षण गर्ने सहभागीहरूलाई उहाँहरूको अनुभव सुनाउन लगाउँदै राम्रापक्षहरू र सुधारगर्नुपर्ने पक्षहरूबारे छलफलका लागि सहजीकरण गर्ने । | ७० मिनेट |
| ३. | **प्रतिबिम्बन**<br>तलका नमुना प्रश्नहरू गर्दै सत्रको समीक्षा गर्ने ।<br>· सूक्ष्म शिक्षणका चक्र क्रमबद्ध रूपमा भन्नुहोस् ।<br>· शिक्षण योजनामा के के विषयहरू समावेश गरिन्छ । | १० मिनेट |

-----------x----------